फलेवास नगरपालिका पर्वतको

अठारौं नगरसभामा

नगरप्रमुख श्री गंगाधर तिवारीद्वारा प्रस्तुत

आर्थिक वर्ष २०८३।०८४ को

# नीति तथा कार्यक्रम

फलेवास नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

खानीगाउँ, पर्वत

## मितिः २०८३।०३।०९, मंगलबार ।

**आदरणीय नगरसभाका सदस्यज्यूहरू, फलेवासी आमाबुबा, दाजुभाइ तथा दिदीबहिनीहरू,**

फलेवास नगरपालिकाको १९ औं नगरसभामा उपस्थित उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, सम्पूर्ण नगरसभा सदस्यहरू, राजनीतिक दलका प्रतिनिधिहरू, राष्ट्रसेवक कर्मचारी, सञ्चारकर्मी, प्रत्यक्ष प्रसारणमार्फत यस कार्यक्रम हेरिरहनुभएका सम्पूर्ण नगरवासीमा हार्दिक स्वागत व्यक्त गर्दछु ।

नेपालको लोकतान्त्रिक व्यवस्थाको यो अवधिसम्म भएका आन्दोलनमा अगुवाइ गर्ने अग्रजहरुलाई स्मरण गर्दै नागरिक सर्वोच्चता, स्वतन्त्रता, भ्रस्टाचार नियन्त्रण, शुसासन, जनउत्तरदायी शासन प्रणाली तथा आर्थिक रुपान्तरणको आकाङ्क्षा सहित २०८२ भदौ २३ र २४ गते युवा पुस्ताको सक्रियतामा भएको आन्दोलन तथा लोकतान्त्रिक शासन व्यवस्थाको स्थापनाका लागि त्यसअघिका बिभिन्न आन्दोलनहरुमा आफ्नो जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात सहिदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै घाइते तथा अपाङ्ग सम्पूर्ण योद्दाहरुप्रति शिघ्र स्वास्थ्यलाभको कामना गर्दछु ।

आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रमको लक्ष्य **"कृषि, पर्यटन, जलस्रोत र पूर्वाधारः फलेवासीको समृद्धिको आधार**" रहेको जानकारी गराउन चाहन्छु । उपलब्ध सिमित स्रोत-साधनको उच्चतम उपयोग, न्यायोचित वितरण तथा संविधान प्रदत्त अधिकारहरूको प्रभावकारी कार्यान्वयनमार्फत जनताको विकास र समृद्धिको आकांक्षा पूरा गर्न सकिने विश्वासका साथ यो नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरव महसुस गरेको छु ।

समृद्ध, समतामूलक, स्वच्छ, सुन्दर र समुज्वल नगर निर्माणको दीर्घकालीन लक्ष्यलाई केन्द्रमा राख्दै नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, अन्तरसरकारी वित्त व्यवस्थापन सम्बन्धी कानुनी व्यवस्था, संघ तथा गण्डकी प्रदेश सरकारका नीति, योजना तथा कार्यक्रम, दीगो विकास लक्ष्य, अन्तर्राष्ट्रिय प्रतिबद्धता, नगरपालिकाको आवधिक योजना तथा विभिन्न तहका जनप्रतिनिधि, राजनीतिक दल, बुद्धिजीवी, बिभिन्न विषयका विषयविज्ञ, उद्योगी-व्यवसायी, नागरिक समाज र नगरवासीबाट प्राप्त सुझावका आधारमा यो नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ ।

**नगरसभा सदस्यहरू,**

**फलेवासी आमाबुबा, दाजुभाइ तथा दिदीबहिनीहरू,**

फलेवास नगरपालिका दीगो विकासको दीर्घकालीन सोच, हामीले निर्वाचनमा गरेका प्रतिबद्धता, आवधिक तथा वार्षिक योजनालाई आधार बनाएर अघि बढिरहेको छ । नगरको सन्तुलित विकास, सामाजिक सद्भाव, दीगो शान्ति तथा राजनीतिक स्थायीत्व सूनिश्चित गर्न बिभिन्न तहका सरकारहरुसंग समन्वय गर्दै नागरिकका आवश्यकता र अपेक्षाहरु सम्बोधन गर्न नगरपालिका अग्रसर रहेको व्यहोरा अवगत गराउँछु । प्रभावकारी सेवा प्रवाह, सार्वजनिक जवाफदेहिता, पारदर्शिता, शुसासन र जनसहभागिता अभिबृद्धी गर्दै नीतिगत र संस्थागत संरचालाई वस्तुनिष्ठ बनाउँदै शासकीय प्रवन्ध व्यवस्थित, उत्तरदायी र परिणाममुखी बनाउने प्रयास गरिएको छ ।

हालसम्म नगरको भौतिक पुर्वाधारको अवस्थामा निकै सुधार भइसकेको छ । सबै बस्तीहरुमा पुग्नेगरी करिव ४०० भन्दा बढी कि.मि. कच्ची तथा कालोपत्रे मोटरबाटो निर्माण गरिएको छ । जसमध्ये नगरभित्र रहेका सबै प्रकारका सडकहरु गरी करिव १०० कि. मि. भन्दा बढी सडक कालोपत्रे सम्पन्न भइकेको छ । जसले गर्दा नगरभित्र बाह्रैमास सडकमा सहज यातायात सञ्चालन भइरहेको छ । हामीले निर्वाचनमा गरेको बाचा अनुसार ११ वटै वडाका वडा कार्यालयहरुमा कालोपत्रे सडक पुऱ्याउने लक्ष्य अनुसार काम भइरहेको छ । संघ तथा प्रदेश सरकारसंगको समन्वय र साझेदारी र समन्वयमा सिंचाई पूर्वाधार निर्माण कार्य र बिभिन्न स्थानमा डीप बोरिङ मार्फत खानेपानी योजना सञ्चालन गरी एक घर एक धारा खानेपानीको सुविधा व्यवस्थीत गर्ने कार्यहरु भइरहेका छन् । विद्यालयको भौतिक र संस्थागत अवस्थामा सुधार गर्दै स्थानीय पाठ्यक्रम तयार गरी पठनपाठन कार्य शुरु गरिएको छ । बिभिन्न खेलकुद प्रतियोगिताले खेल र नगरबासीको मानसिक स्वास्थ्य र खेल क्षेत्रको विकासमा टेवा पुऱ्याएको छ साथै यस्ता कार्यक्रमलाई निरन्तरता दिइनेछ । नगर अस्पताल भवन निर्माण कार्य तिब्र गतिमा भइरहेको छ भने बाँकी स्वास्थ्यचौकी भवन र प्रदेश आयुर्वेद औषधालयको भवन निर्माणका लागि अन्य सरकारहरुसंग समन्वय गरिएको छ । कृषि तथा पशुपालनका क्षेत्रमा यान्त्रिकरण लगायतका कार्यक्रमहरुबाट व्यवसायिकता बृद्धी गर्दै आत्मनिर्भरताको बाटोमा अगाडी बढिरहेका छौं । कार्यालयको भौतिक तथा संस्थागत विकास गर्ने लक्ष्य अनुरुप प्रमुख प्रशासकीय भवन सम्पन्न गरी बाँकी वडा कार्यालयका भवन निर्माणकार्य शुरु गरिएको छ । राज्यले लक्षित गरेका बिभिन्न समुदायहरु, जेष्ठ नागरिक, बालबालिका, महिला, अपाङ्गता भएका व्यक्तिहरु, दलित तथा अल्पसंख्यक समुदायको आत्मसम्मान, आर्थिक विकास, सीप र रोजगारी प्रवर्धन गर्ने प्रयासहरु भइरहेका छन् ।

**अब म आर्थिक वर्ष २०८३/०८४ का विषयगत क्षेत्रका नीति तथा कार्यक्रमहरू प्रस्तुत गर्न चाहन्छु ।**

**संस्थागत विकास, सेवा प्रवाह र सुशासन**

१ नगरबाट प्रदान गरिने सेवालाई जनपक्षीय, उत्तरदायी र गुणस्तरीय बनाइनेछ । नगर तथा वडा तहमा डिजिटल नागरिक वडापत्र जारी गरी सेवा प्राप्त गर्ने तरिका, लागत, जिम्मेवार शाखा र व्यक्ति किटान गरिनेछ । समय समयमा सेवाग्राहीसंग परामर्श तथा अन्तरक्रिया कार्यक्रम गरिनेछ ।

२ नगर तथा नगर मातहतका जुनसुकै कार्यालयमा मुस्कानसहितको छरितो सेवालाई प्राथमिकतामा राखेर कार्यसम्पादन गरिनेछ ।

३ बस्ती, टोल र वडाबाट योजना छनौट, प्राथमिकीकरण, कार्यान्वयन र मूल्याङ्कन गर्दा सार्वजनिक सुनुवाइको व्यवस्था गरिनेछ । नगरको आवधिक वित्तीय विवरणको सार्वजनिकीकरण गरिनेछ । नगरपालिकाका सबै वित्तीय एवम् गैरवित्तीय गतिविधिहरूको सार्वजनिक संवाद तथा सामाजिक परीक्षणको व्यवस्था गरिनेछ । जसमा नगरबासीको सक्रिय सहभागिता सुनिश्चित गरिनेछ ।

४ राजनीति र प्रशासनको कार्यक्षेत्र, काम, कर्तव्य र अधिकारको बारेमा स्पष्टता ल्याउन जनप्रतिनिधि कर्मचारी अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनेछ । त्यसबाट प्राप्त सुझावलाई सेवा प्रवाहसँग आबद्ध गरिनेछ ।

५ सेवा प्रवाह सरलीकरण र सहजीकरणका लागि साझेदारहरूको पहिचान गरिनेछ । गैरसरकारी तथा सामाजिक सङ्घ संस्था, प्रतिष्ठान, विश्वविद्यालय, व्यावसायिक तथा नवप्रवर्तन केन्द्रसँग समन्वय र सहकार्य गरिनेछ । ग्रामीण तथा शहरी विकासका नवोदित आयामहरूको सिकाई तथा प्रविधि हस्तान्तरणका लागि स्वदेश तथा विदेशका स्थानीय सरकारसँग भगिनी सम्बन्ध स्थापना गरिनेछ ।

६ कर्मचारीलाई सेवा प्रवाहमा थप उत्प्रेरित बनाउन प्रोत्साहनको व्यवस्था गरिनेछ । सेवाग्राही सर्वेक्षणबाट कर्मचारीको मूल्याङ्कन गर्ने पद्दतिको विकास गरी उत्कृष्ट कर्मचारीको पहिचान गरी पुरस्कृत गरिनेछ ।

७ नगरपालिका क्षेत्रभित्र गुड्ने तीन पांग्रे सवारी साधनहरुको नियमानुसार दर्ता गरी अभिलेखिकरणको कार्य अगाडी बढाइनेछ । पेट्रोल, डिजेलबाट चल्ने सवारीसाधनको सट्टा विद्युतीय साधनलाई प्रोत्साहन गर्न नगरको मुख्य सवारी चाप हुने क्षेत्रमा साझेदारीमा विद्युतीय चार्जिङ स्टेसन निर्माण गरिनेछ ।

८ अन्तर स्थानीय तह जनप्रतिनिधि कर्मचारी भेटघाट, अन्तरक्रिया तथा भ्रमण गरी असल अभ्यासको आदानप्रदान गरिनेछ ।

९ कर्मचारीको वृत्ति विकास, क्षमता विकासलाई जोड दिइनेछ । करार तथा ज्यालादारीमा कार्यरत कर्मचारीहरूको न्यायोचित बृत्ति विकास, योगदानमा आधारित अवकास कोष/श्रमिक कल्याण कोषलाई निरन्तरता दिइ मनोबल बृद्धी गरिनेछ । सबै अस्थाई करार कर्मचारीहरुलाई सामाजिक सुरक्षाकोषमा आवद्ध गरिने छ । समान तह र दरबन्दी संरचना अनुसार कार्यरत कर्मचारीहरुको सेवासुविधा/पारिश्रमीक समान तहमा पुनरावलोकन गरिनेछ ।

१० नगरमा वित्तीय सुशासन कायम राख्न विगतको बेरुजूको यकीन अवस्था पहिचान गरी अवस्था अनुसार फर्छ्यौट गर्ने वा रुजु गर्ने वा दाखिला गर्न लगाउने कार्य गरिनेछ । पुरानो पेश्की वेरुजु भएको उपभोक्ता समिति वा व्यवसायीलाई पेश्की फर्छ्यौट नगरेसम्म नगरको कुनै वित्तीय कार्यमा संलग्न हुन दिइने छैन । जुनसुकै योजनाको उत्कृष्ट र समयमै कार्य सम्पन्न गर्ने समिति वा व्यवसायीलाई प्रोत्साहनको व्यवस्था गरिनेछ । नीति, कानून निर्माण गर्दा जनताको सहभागिता र पारदर्शीताका विविध विधिहरू अवलम्बन गरिनेछ ।

११ पुजिगत खर्चको गुणस्तर वढाउन '**पौष मसान्त भित्र सम्झौता, जेठ मसान्त भित्र भुक्तानी**' को नीतिलाइ अझै कडाइका साथ कायान्वयन गरिनेछ । योजनाहरुको अनुगमन प्रणालीमा स्थानीय सरोकारवालाहरुको सहभागितालाई सुनिश्चित गरिनेछ । योजनामा लागत साझेदारीलाइ निरन्तरता दिदै सिमान्तकृत र पिछडिएका वर्ग समुदाय एवम् भौगोलिक क्षेत्रमा विशेष सम्वोधन गरिनेछ । विकास आयोजनाहरु तोकिएको परिमाण गुणस्तर लागत र समयमा सम्पन्न हुनेगरी अगाडी वढाइनेछ ।

१२ नगर विकासका लागि विभिन्न राजनितिक दल तथा नागरिक समाज एवम् विषय विज्ञहरुले दिएका सुझाव र अघि सारेका असल योजनाहरुलाइ अनुसरण गर्दै नगरविकास कार्यक्रममा समावेश गरिनेछ । फलेवासभित्रका पुर्व राष्ट्रसेवक कर्मचारी, बिशिष्ठ व्यक्तिहरुको अनुभव र विज्ञतालाई नगरको विकासमा उपयोग गरिनेछ ।

१३ नगरको सुरक्षा व्यवस्थालाई सबल बनाउन नगर प्रहरीको व्यवस्था गरिनेछ । नगरको आवश्यक स्थानमा अस्थाई प्रहरीचौकी स्थापनाका लागि पहल गरिनेछ । खानीगाउँ प्रहरी चौकीलाई स्तरबृद्धी गरी स्थायी संरचना निर्माणका लागि संघ सरकारसंगको साझेदारीमा आवश्यक प्रकृया अघि बढाइनेछ । भंगरा प्रहरी चौकी भवन निर्माणका लागि आवश्यक पहल गरिनेछ । नेपाल प्रहरी र अन्य सामाजिक सङ्घ संस्थाको साझेदारीमा नगर सुरक्षा नीति तय गरिनेछ ।

१४ नगरका गतिविधिहरु आम नागरिकसम्म पुऱ्याउनका लागि रेडियो पर्वत लगायत पर्वतका सबै स्थानीय सञ्चार माध्यमहरुको सहयोग लिइनेछ । जसका लागि सञ्चार माध्यमको सवलिकरण तथा सुदृढीकरण, क्षमता विकास लगायतका कार्यमा प्रोत्साहन गरिनेछ ।

नगरलाई आधुनिक र डिजिटल विश्वसंग जोड्नेगरी नगरका मुख्य सार्वजनिक स्थानहरुलाई फ्रि वाइफाई जोनका रुपमा विकास गरिनेछ ।

१५ नगरपालिकाको आन्तरिक आयमा वृद्धिको लागि सबै करदातालाई सचेतना कार्यक्रम सञ्चालन गर्दै करको दायरामा ल्याइने छ । दोहोरो कर प्रणालीलाई अन्त्य गरिनेछ । बिभिन्न स्थानमा घुम्ति शिविरमार्फत व्यवसाय दर्ताको व्यववस्था मिलाइनेछ । कर संकलनको दायरा बृद्धी गरिनेछ । मदिराजन्य कारोबार गर्ने व्यवसायीलाई कानून बमोजिम अनुमतिपत्र लिएर मात्रै मदिराजन्य पदार्थको बिक्रिवितरण गर्न नियमन गरिने छ । करको दर नभई दायरा फराकिलो पार्दै नगरको आम्दानी बृद्धीमा बिशेष ध्यान दिइनेछ ।

१६ उद्योगी व्यवसायीहरुलाई एकिकृत र कानूनि दायरामा ल्याउनका लागि छरिएर रहेका व्यवसायीहरुलाई समुहमा आवद्ध गरिनेछ । नगरभित्र नगरस्तरिय उद्योग वाणिज्य संघ स्थापना गर्न आवश्यक सहयोग र सहजिकरण गरिने छ ।

१७ राजश्व चुहावटलाई प्रभावकारी रुपमा नियन्त्रण गरिनेछ । त्यसका लागि आवश्यकता अनुसार अनुगमन गरी कानुन बिपरित गर्नेलाई कानुनी दायरामा ल्याइनेछ ।

१८ नागरिकले विद्युतीय माध्यमबाट कर तिर्न सक्ने गरी सबै किसिमका करलाई अनलाइन पद्धतिमा आबद्ध गरिनेछ । मोबाइल एपमार्फत नगरका सबै सूचना, सेवा घरघरै प्राप्त गर्ने व्यवस्था क्रमशः मिलाइनेछ । सम्पूर्ण व्यवसायलाई करको दायरामा समाहित गर्न प्रत्येक वडामा घुम्ती कर शिविर तथा कर सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।

१९ नगरबासीका घरघरमा घर नम्बर कायम गरिनेछ । जसले गर्दा सेवा प्रवाहमा सहजता आउनेछ । फलेवास बासीलाई नगरबासी हुनुको गौरव र गर्व महसुस हुनेछ ।

## पूर्वाधार विकास

२० दिगो विकासको आधार पूर्वाधार भएकाले नगरका सबै बस्तीमा बाह्रै महिना सञ्चालन हुने सडक सञ्जाल विस्तार तथा स्तरोन्नतिलाई प्राथमिकता दिइनेछ । यस नगरका वडाका केन्द्र, प्रमुख तथा सहायक सडकहरू कालोपत्रे तथा ग्राभेल गर्ने लक्ष्यसहित संघ, प्रदेश, विभिन्न आयोजना र नगरको आन्तरिक स्रोत परिचालन गरिनेछ । आकस्मिक मर्मत तथा स्तरोन्नतिका कार्यलाई निरन्तरता दिइनेछ ।

२१ संघ तथा प्रदेश सरकारसँगको सहकार्यमा निर्माणाधीन तथा स्तरोन्नति भइरहेका रणनीतिक सडकहरूको कार्यलाई निरन्तरता दिइनेछ । कालोपत्रे सम्पन्न भएका सडकहरूको बाँकी खण्ड तथा नयाँ प्राथमिकताप्राप्त सडकहरूको निर्माण एवं स्तरोन्नति अगाडि बढाइनेछ ।

२२ बाहिरी तथा भित्री चक्रपथ सहित नगरका महत्वपूर्ण सडकहरूको स्तरोन्नति, विस्तार तथा पहुँच अभिवृद्धिका लागि आवश्यक साझेदारी र लगानी सुनिश्चित गरिनेछ । बाहिरी चक्रपथ

अन्तर्गत ट्र्याक ओपन हुन बाँकी रहेको बयलेदेखि बज्रमारा मन्दिरसम्मको नयाँ ट्र्याक खुलाउन आवश्यक पहल गरिनेछ ।

२३ संघीय सरकारबाट सडक मर्मत तथा सम्भार कार्यक्रम र एकिकृत सघन शहरी विकास कार्यक्रम बाट मल्याङ्दीदेखि लमायसम्म र झकलकदेखि राहालेसम्मको सडक मर्मतसम्भार तथा कालोपत्रे गरी बाँकी रकमले अन्य आवश्यक सडक निर्माणको कार्य अगाडी बढाइनेछ । कार्कीनेटा, मेलपोखरी, शंकरपोखरी चुचुनदेउराली, राहाले जैमिनि सडक संघीय सरकारबाट प्राप्त रकमले सबै सम्पन्न हुन रकम अभाव हुने भएकोले बहुवर्षे बनाउन पहल गर्ने र अन्य योजनाहरुमा प्राप्त रकम कार्यान्वयनका लागि पहल गरिनेछ । प्रदेश सरकारबाट बिभिन्न शिर्षकमा प्राप्त रकमहरुबाट सम्बन्धित कार्यालयहरुलाई कार्य अगाडी बढाउन सहकार्य गरिनेछ । जैमिनि झकलक चितिपानी चुचुनदेउराली, मैदान थापाठाना सडक, पाङराङ वडा कार्यालय सडक, थापाठाना खुम कालाखोला भंगरा सडक, सहिदचोक शंकरपोखरी सडक, हिलेखोला-कार्कीनेटा-थापाठाना-खल्डाँडा-झकलक-राहाले-जैमिनि सडक, झकलक राहाले सडक लगायत अन्य सडक पुर्वाधारहरुको स्तरोन्नती तथा कालोपत्रे कार्यलाई तिब्रताका साथ अगाडी बढाइनेछ ।

२४ नगरपालिका केन्द्रसम्म नगरबासीहरुलाई सहज रुपमा आजतजावत गर्न यातायातका साधन उपलव्ध नभएको बारम्बार गुनासो आई कार्यसम्पादनमा असहज महसुस भएकोले सो सहजताका लागि बजेटको व्यवस्थापन गरी नगरसम्म आउनजान सहज बनाउनका लागि यातायातका साधन भएका व्यक्ति, समुह वा संघसंस्थासंग सहकार्य गरी नगरसम्म आउनका लागि नगरबासीलाई यातायात सेवा उपलव्ध गराउन निश्चित अनुदान प्रदान गरी **नगर यातायात सेवा** सञ्चालनमा ल्याउने कार्यको थालनी गरिनेछ ।

२५ कालीगण्डकी नदीको संरक्षण गर्दै वातावरणीय सन्तुलन कायम रहने गरी नदीजन्य पदार्थको व्यवस्थापन तथा घाट संरक्षणमा स्थानीय समुदायको सहभागिता सुनिश्चित गरिनेछ ।

२६ नगरबासीलाई सबै वडा कार्यालयलाई सुविधासम्पन्न र प्रविधिमैत्री बनाउने उद्धेश्यले वडा नं ५ खानीगाउँ र वडा नं. ७ को वडा कार्यालय भवन निर्माण प्रकृया अघि बढिसकेको छ । उक्त दुबै वडा कार्यालयको भवन निर्माणकार्य सम्पन्न गरी आगामी आर्थिक वर्षबाटै नवनिर्मित अत्याधुनिक र सुविधासम्पन्न वडा कार्यालयबाटै सेवा प्रवाह शुभारम्भ गरिनेछ । सबै सरकारी संरचनालाई प्रविधिमैत्री, अपाङ्गमैत्री, बालमैत्री तथा महिलामैत्री बनाइनेछ ।

२७ निर्माण हुन बाँकी रहेका स्वास्थ्य चौकीहरूको पूर्वाधार विकास तथा स्तरोन्नतिलाई निरन्तरता दिइनेछ । आवश्यक स्थानमा सामुदायिक भवन तथा क्लब भवन निर्माणका लागि सहयोग उपलब्ध गराइनेछ ।

२८ कालीगण्डकी जलाशययुक्त जलविद्युत आयोजना तथा लमायखोला-डहरेदेउराली बहुउद्देश्यीय परियोजनाबाट ऊर्जा, सिँचाइ, खानेपानी, पर्यटन र मत्स्यपालनको विकासका लागि अन्तरपालिका तथा अन्तरसरकारी संस्थाहरुसंगको सहकार्यलाई अघि बढाइनेछ ।

२९ फलेवास रङ्गशाला, अम्बोट खेलमैदान, ठानामौला, थापाठाना, शंकरपोखरी खेलमैदान तथा अन्य खेल पूर्वाधारहरूको विकासमा संघ र प्रदेश सरकारसँग सहकार्य गर्दै सुविधासम्पन्न खेल पुर्वाधारको विकास गरिनेछ । प्रत्येक वडामा कम्तीमा एक खेल मैदान निर्माण गर्ने नीति अवलम्बन गरिनेछ ।

३० आवश्यक स्थानमा झोलुङ्गे तथा मोटरेबल पुल निर्माणलाई प्राथमिकता दिइनेछ । निर्माणाधीन मनमोहन शान्ति वाटिकालाई पर्यापर्यटन केन्द्रका रूपमा विकास गरिनेछ ।

३१ घरवारविहीन नागरिकको आवास व्यवस्थापन, बजार पूर्वाधार विकास, सोलार तथा सडक बत्ती जडान, नाली व्यवस्थापन तथा बजार क्षेत्रको व्यवस्थित विकासलाई प्राथमिकता दिइनेछ ।

३२ 'मुहानदेखि मुखसम्म शुद्ध खानेपानी' अभियानअन्तर्गत सबै घरधुरीमा एक घर-एक धारा कार्यक्रमलाई तिब्रता दिइनेछ । मुहान संरक्षण, लिफ्ट तथा बोरिङ खानेपानी योजना सञ्चालन गरी स्वच्छ खानेपानीमा सबैको पहुँच सुनिश्चित गरिनेछ ।

३३ सामुदायिक विद्युतीकरणलाई नेपाल विद्युत प्राधिकरण मातहत ल्याउन ल्याउन आवश्यक सहजीकरण तथा सहयोग गरिनेछ ।

**आर्थिक विकास**

३४ पर्यटकीय संरचना निर्माणमा निजी तथा सामुदायिक क्षेत्रको भूमिका महत्वपूर्ण रहने भएकाले डहरे-चिसापानी, मोदीबेणी, पुर्कोट पदमार्गको विकास सम्भाव्यता अध्ययन गरिनेछ । फलेवास-पुर्कोट-डहरेदेउराली तथा फलेवास-चिसापानी-बलेवा-भैरवथान केवलकारको सम्भाव्यता अध्ययन गर्न नीजि क्षेत्रसंग सहकार्य गरिनेछ । कुश्मा-शंकरपोखरी-थापाठाना-कार्कीनेटा-वयाले-चिसापानी हुँदै पाङराङसम्म पदमार्ग विकास गरी बीच-बीचमा होमस्टे, स्थानीय उत्पादन बजार तथा सांस्कृतिक केन्द्र स्थापना गर्न अध्ययन गरिनेछ । ऐतिहासिक डान्सिङ क्षेत्रलाई प्राकृतिक संग्रहालय तथा पिकनिक स्पटका रूपमा विकास गरिनेछ ।

३५ सातमुले बराह क्षेत्र, डहरे, चिसापानी, अन्धाअन्धी, खानीगाउँको ज्यामीरे भगवती, कुर्घाको गायत्री आश्रम, देविस्थान भगवती, भुमेकोट, सिद्धगढी, डाङसिङ, बजारमारा देवी, चण्डेश्वरी, कलपुरी शिव मन्दिर लगायत नगरभित्रका धार्मिक, ऐतिहासिक, सांस्कृतिक तथा प्राकृतिक सम्पदाको पहिचान, सूचीकरण, संरक्षण र प्रचारप्रसार गरिनेछ । बजारमारा देवी मन्दिरको पुनःनिर्माण गरी आस्थाको र पर्यटकीय केन्द्रका रूपमा विकास गरिनेछ ।

३६ डहरे क्षेत्रमा गुरुकुल आश्रम स्थापना गरी धार्मिक तथा सांस्कृतिक पर्यटन प्रवर्द्धन गरिनेछ । डहरेदेउराली-पाङराङ क्षेत्रलाई जैविक पर्यटन तथा जडीबुटी खेती प्रवर्द्धनका माध्यमबाट विकास गर्दै कार्कीनेटामा आयुर्वेद अध्ययन तथा अनुसन्धान केन्द्र स्थापना सम्भाव्यता अध्ययन गरिनेछ । बिभिन्न सामुदायिक वनहरुको निकटमा रहेका बस्तीलाई वन डढेलोबाट जोगाउन ति बस्तीलाई असर गर्ने स्थानहरुमा ६ मिटरको अग्निरेखा बनाइनेछ ।

३७ तिर्थाटन, पदमार्ग, स्वच्छ उद्यम, कृषि तथा धार्मिक पर्यटनमार्फत फलेवासका मोदीबेणी-डहरे-चिसापानी-कर्नास केन्द्रित फलेवास चतुर्भुजको अवधारणा विकास गरिनेछ ।

३८ खुम र ठानामौलाको होमस्टेलाई सांस्कृतिक होमस्टेका रूपमा विकास गर्न भौतिक, सामाजिक तथा सांस्कृतिक पूर्वाधारमा जोड दिइनेछ । अन्य पर्यटकीय सम्भावनायुक्त स्थानहरूमा होमस्टे सञ्चालन गर्न समुदायलाई प्रोत्साहन गरिनेछ ।

३९ नगर भित्र मापदण्डअनुसारका होटल तथा लज स्थापना गर्न निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ ।

४० कृषि क्षेत्रको यान्त्रिकीकरण, व्यवसायिकरण र बजारिकरण मार्फत उत्पादन लागत घटाई पालिका क्षेत्रभित्र कृषि क्षेत्रलाई पर्यटन व्यवसायसंग समेत जोडिनेछ । खाद्यान्न बाली ( धान, गहुँ, मकै) का अनुत्पादक बीउ विस्थापन गरी उन्नत बीउ प्रयोगलाई प्रोत्साहन गरिनेछ ।

४१ सम्भावना भएका वडाहरुमा मौरी पकेट विकास कार्यक्रम सञ्चालन गरी फलेवासको मौरीलाई ब्राण्डिङ गरी अन्य क्षेत्रमा निर्यात गर्न प्रोत्साहन गरिनेछ । किसान सूचीकरण कार्यक्रममार्फत कृषक वर्गीकरण गरिनेछ । बर्गिकृत कृषकलाई परिचयपत्र बितरण गरिनेछ । मकै बीउ उत्पादन विस्तार गर्दै ब्रान्डिङ तथा बजारीकरण गरिनेछ । मकै बिउ उत्पादनको क्षेत्र बिस्तार गरिनेछ । मसिना जातको धानको बिउमा फलेवास नगरपालिकालाई आन्मनिर्भर उन्मुख बनाइनेछ ।

४२ कोरिया, इजरायल जस्ता कृषिप्रधान देशहरुमा बैदेशिक रोजगारीको शिलशिलामा गई सीप सिकेर नेपाल फर्किएका युवाहरुको समुह बनाई बाँझो जमिन तथा बाँदर प्रभावित क्षेत्रमा उच्च सम्भावना रहेको अकबरे खुर्सानी, अदुवा, बेसार, तरुल खेती प्रवर्द्धन गरिनेछ । नाफा परियोजनामार्फत सामूहिक, करार तथा सहकारी खेती प्रवर्द्धन गरी फलफूल उत्पादन वृद्धि गरिनेछ । हाल रहेको २० रोपनी क्षेत्रफललाई शंसोधन गरी १० रोपनीमा व्यवासायिक खेती गर्ने किसानलाई उक्त परियोजनाको कार्यक्रममा समावेश गरिनेछ । बाँदर आतंकबाट खेतीबाली र अन्य क्षेत्रलाई समेत क्षती पुऱ्याएकोले बाँदर नियन्त्रणका लागि कडा कदम चाल्न तथा ऐन कानून परिवर्तन गर्न संघ र प्रदेश सरकारको ध्यानाकर्षण गराइनेछ ।

४३ बढ्दो बेरोजगारी, बाँझो जमिनको उपयोग र फलफुलको क्षेत्र बिस्तारका लागि दुई वर्षभन्दा बढी समयदेखि बाँझिएको जमिनमा व्यवसायिक फलफुल खेती गर्ने किसानलाई प्रोत्साहन गरिनेछ ।

४४ नगरबासीहरुको प्रत्यक्ष सहभागितामा नगरपालिका, प्रदेश र संघीय सरकारसंगको सहकार्यमा '3G P' अन्तर्गत "मेरो लगानी, मलाई प्रतिफल" कार्यक्रमको बिस्तृत अध्ययन गरी फलेवासको भूगोल र उचाइ अनुसार बाँझो जमिनलाई हराभरा बनाउन आवश्यक कार्य अगाडी बढाइनेछ ।

४५ काँक्रो बीउ उत्पादन कार्यक्रमलाई लिमिठाना, देविस्थान, खानीगाउँ लगायत वडामा विस्तार गरिनेछ । साना सिँचाइ कार्यक्रम सञ्चालन गरिनेछ । देविस्थानमा हाटबजार सञ्चालन गरिनेछ ।

४६ केरामा आत्मनिर्भर हुने लक्ष्यसहित केरा पकेट क्षेत्र विकास गरिनेछ । रैथाने बाली (कोदो, फापर, जौ, सिस्नो, टिमुर आदि) संरक्षण गरिनेछ ।

४७ माटो परीक्षणमार्फत माटो सुहाउँदो खेती प्रवर्द्धन गरिनेछ । अलैंची, ओखर, अदुवा, चिया, कफी, फलफूल तथा जडीबुटी उत्पादन र बजार प्रवर्द्धन गरिनेछ । आवश्यक स्रोतको व्यवस्थापन गरी कृषि र पशुपालनका क्षेत्रमा किसानलाई आधुनिक र बैज्ञानिक खेतीतर्फ प्रोत्साहन गरिनेछ ।

४८ सबै खेतीयोग्य भूमिमा सिँचाइ सुविधा विस्तार गरिनेछ । नहर, लिफ्ट, थोपा तथा भूमिगत सिँचाइलाई प्राथमिकता दिइनेछ । कालीगण्डकी तथा मोदीखोला लिफ्ट सिँचाइ आयोजना संघ-प्रदेश सरकारको सहकार्यमा अघि बढाइनेछ ।

४९ स्थानीय उत्पादनमा आधारित उद्योग स्थापना तथा ब्रान्डिङ-प्याकेजिङ प्रवर्द्धन गरिनेछ ।

५० रैथाने गाईभैंसी संरक्षण, पशु स्वास्थ्य सेवा, खोप, उपचार तथा छाडा पशुवस्तुको व्यवस्थापनका लागि संघ र प्रदेश सरकारका साथै अन्य निकायसंग आवश्यक सहकार्य र साझेदारी गरिनेछ ।

५१ one size Fits all को अवधारणालाई चिर्दै फलेवास नगरपालिकाको भू-बनोटको हिसावले भौगोलिक क्षेत्रिकरण गरी 3 Layer पकेटका रुपमा विकास गरिनेछ । कृषि र पर्यटनलाई जोड्दै Agro Tourism अन्तर्गत Farm Stay को सम्भाव्यता अध्ययन गरी Pilot कार्यक्रम सञ्चालन गरिनेछ ।

५२ उदियमान फलफुलका रुपमा बजारमा अत्याधिक माग रहेका (एभोकाडो, म्याकाडेमिया नट, ड्रागन, सितलचिनी लगायत अन्य फलफुलको भौगोलिक सम्भाव्यताका आधारमा नयाँ जाती/प्रजाती परिक्षण र अनुदानमा प्याकेज कार्यक्रम सञ्चालन गरिनेछ ।

५३ रेबिज, बर्डफ्लु, क्षयरोग लगायतका पशुबाट मानिसमा सर्ने जुनोटिक रोगको रोकथाम तथा नियन्त्रणका लागि निःशुल्क खोप, जैविक सुरक्षा सामाग्रि तथा आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ । सामुदायिक कुकुरको नियन्त्रणका लागि बन्ध्याकरण लगायतका कार्यक्रम सञ्चालन गरिनेछ ।

५४ आर्थिक रुपले बिपन्न तथा गरिव बर्गका किसानहरुको पहिचान गरी खाद्य तथा पोषण सुरक्षाका दृष्टिकोणले बिभिन्न पौष्टिक तत्वको आपुर्ति गर्न दूध, अण्डा तथा मासु उत्पादनमा आत्मनिर्भर हुने लक्ष्यसहित अनुदान, कृत्रिम गर्भाधान, औषधि वितरण तथा उत्पादन वृद्धि कार्यक्रम सञ्चालन गरिनेछ । बाँदरबाट बढी प्रभावित हुने तल्लो तटिय क्षेत्रमा उन्नत तथा व्यवसायिक घाँस खेतीको अभिबृद्धी गर्दै व्यवसायिक पशुपालनमा जोड दिइनेछ । परम्परागत शैलिमा रहेको पशुपालन व्यवसायलाई समग्र किसानको मुख्य जिविकोपार्जनका रुपमा परिणत गर्न एक घर एक भकारो सुधार अभियान सञ्चालन गरी बैज्ञानिक सुधार गर्दै व्यवसायिकरणमा प्रोत्साहन गरिनेछ ।

५५ श्रमिक कल्याणकारी कोषमार्फत पेन्सन कार्यक्रम निरन्तरता दिइनेछ । स्थानीय उत्पादनलाई प्रोत्साहन गरी उद्यमीको सीप, कला र क्षमताको उचित कदर गरिनेछ । सहकारीहरूको नियमनलाई कडाइ गर्दै उनिहरुको पुँजीलाई आयआर्जन, उद्यम विकास र आर्थिक वृद्धिमा केन्द्रित गरिनेछ ।

**सामाजिक विकासः**

५६ बालविकास केन्द्रका सहयोगी कार्यकर्ताहरू, विद्यालय सहयोगी, विद्यालय सहायक र सामुदायिक अध्ययन केन्द्रका सहयोगी कार्यकर्ताका लागि पारिश्रमिकमा अनुदानको व्यवस्थालाई निरन्तरता दिइनेछ । तोकिएका विद्यार्थीहरूको पहुँचका लागि दिवा खाजा कार्यक्रम अगाडि बढाइनेछ । यस वर्षदेखि कक्षा ८ का विद्यार्थीहरुलाई समेत दैनिक रु २० का दरले थप गरी नगरले आफ्नै स्रोतमा कक्षा ६, ७ र ८ का विद्यार्थीहरुलाई दिवा खाजाका लागि आवश्यक व्यवस्था गरिनेछ । विद्यालय दिवा खाजामा जङ्क फुड निषेध गरि स्थानिय उत्पादनमा आधारित पोषण युक्त दिवा खाजाको मेनुका आधारमा व्यवस्थापन गरिने छ । दिवा खाजाका लागि स्थानिय उत्पादनको आपूर्तीको लागि किसान समूह तथा सहकारी र विद्यालयविच समन्वय गरी स्थानीय रैथाने उत्पादनको उपभोगलाई प्राथमिकता दिइनेछ ।

५७ सामुदायिक विद्यालयका छात्राहरूको लागि सेनिटरी प्याडको निःशुल्क वितरणको व्यवस्था मिलाइने छ । विद्यार्थीहरुको स्वास्थ्यपरिक्षण विद्यालयमै गर्ने व्यवस्थाका लागि प्रदेश र संघीय सरकारसंग बिशेष पहल गरिनेछ । शिक्षामा गुणस्तरीयता र निरन्तरताका लागि विद्यालय उमेर समुहका सबै बालबालिकालाई विद्यालयमा ल्याउने, सिकाउने र टिकाउने कार्यक्रमलाई अभियानका रुपमा सञ्चालन गरिनेछ । विषयगत शिक्षक तालीम, प्रविधिमैत्री शिक्षक तालिम, संयुक्त शैक्षिक अनुगमन समिति, शिक्षक विद्यार्थी अन्तरक्रिया र विद्यालय शिक्षा सुधार कार्यक्रम सञ्चालन गरिनेछ । विद्यायका कम्प्यूटर,

ल्यापटप लगायतका सामाग्रिको सुरक्षा तथा मर्मतसम्भार गर्न नगरबाटै प्राविधिक खटाई हरेक विद्यालयमा प्रविधिमैत्री शिक्षामा जोड दिइने छ ।

५८ सामुदायिक विद्यालयहरुलाई शैक्षिक नतिजाका आधारमा अनुदान र प्रोत्साहन गरिनेछ । बिभिन्न सिमान्तकृत वर्गका बालबालिकाहरुलाई पढाइ सँगै कमाइ कार्यक्रमलाई प्रोत्साहन गरिनेछ । गुणस्तरिय शिक्षाका लागि भौगोलिक दुरी, विद्यार्थी संख्या, सिकाई उपलव्धी मुल्याङ्कन, लगायतका आधारमा क्रमशः विद्यालय एकिकरण तथा कक्षा समायोजन गर्दै लगिनेछ । साथै विद्यार्थी अनुपातको संख्यामा शिक्षक दरबन्दीको मिलान गर्दै लगिनेछ । प्रधानाध्यापको नेतृत्व थप प्रभावकारी वनाउन प्रोत्साहन स्वरुप शसर्त सरह प्रधानाध्यापक भत्ता थप गरिने छ ।

५९ नगर खेलकुद विकास समिति गठन गरिनेछ । खेलाडी र खेलप्रेमीहरुको प्रोत्साहनका लागि राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता तथा मेयरकप खेलकुद प्रतियोगिता सञ्चालन गरीनेछ । टेक्वान्दोलाइ थप प्रभावकारी वनाउन खेल सामग्री र सुरक्षा सामग्री व्यवस्था गरिनेछ ।

६० स्थानीय वातावरण र विषयवस्तु झल्किनेगरी तयार पारिएको ‘हाम्रो फलेवास को कक्षा १ देखि ८ सम्मको पाठ्यपुस्तक सबै कक्षामा पुऱ्याइनेछ । सार्वजनिक र निजी क्षेत्रसँगको सहकार्यमा विद्युतीय शिक्षण सिकाइ (भ(भिबचलष्लन) स्मार्ट कक्षामा जोड दिइनेछ । प्रविधिमैत्री शिक्षक तालिमको व्यवस्था गरिनेछ । साथै नगरका सबै विद्यालयका कम्प्यूटर मर्मतका लागि जनशक्ति तथा स्रोतको व्यवस्थापन गरिनेछ । वडा नं. १, २, ३, ४ ७, ८ र ९ मा एकिकृत सामुदायिक विकास परियोजना साझेदारीमा सञ्चालन गरी गुणस्तरीय शिक्षामा जोड दिइनेछ ।

६१ प्राविधिक तथा व्यावसायिक , विज्ञान .र कानुन तर्फ यस नगरका विभिन्न विद्यालयमा अध्ययनरत विद्यार्थीलाई छात्रवृत्तिको व्यवस्था मिलाइनेछ ।

६२ नगर भित्र सवै विद्यालयमा परीक्षामा एकरुपता कायम गर्दै विद्यार्थी सिकाइ उपलब्धी मापन वस्तुनिष्ठ , विश्वसनिय वनाइ शैक्षिक सत्रको दोस्रो त्रैमासिक देखिनै उपलब्धी समिक्षा गरि विषयगत शिक्षकलाइ जिम्मेवार वनाइने छ ।

६३ अपाङ्गता भएका वालवालिकाको पहिचान गरी सहायता सामग्रीको लागि व्यवस्था गरिने छ ।

६४ अनौपचारिक शिक्षा अन्तर्गत सीप हासिल गरेका नागरिकहरुका लागि सीप परिक्षणको व्यवस्था गरी तह निर्धारण गरीनेछ । सामुदायिक सिकाई केन्द्रलाई थप मजबुत र जिम्मेवार बनाइनेछ । अङ्ग्रेजी माध्यमबाट शिक्षणका लागि के.जी. कक्षादेखि नै पाठ्यपुस्तक अनुदानको व्यवस्था गरिनेछ । नगरबाट सञ्चालित सबै किसिमका शैक्षिक तालिम तथा अन्तरक्रियाहरुमा निजी विद्यालयहरूलाई समेत समान सहभागी गराइनेछ ।

शिक्षालाई प्रविधिमैत्री र कृतिम बुद्धीमत्ता (एआइ प्रविधि) मा जोड दिँदै सो प्रविधिको सिकाइलाई समेत विद्यालय तहदेखि नै प्राथमिकतामा राखिनेछ ।

६५ पर्वत बहुमुखी क्याम्पस, अन्नपूर्ण सामुदायिक क्याम्पस तथा शंकरपोखरी क्याम्पसको भौतिक तथा शैक्षिक पूर्वाधार विकासमा जोड दिइनुका साथै सञ्चालन अनुदानको व्यवस्था गरिनेछ ।

६६ प्रसूति शिक्षक तथा विद्यालय कर्मचारीको सट्टा जनशक्ति व्यवस्था गरिनेछ । आवश्यकता र औचित्यतताका आधारमा शैक्षिक गुणस्तर वृद्धि गर्न शिक्षक दरबन्दी मिलान र सरुवा गरिनेछ ।

६७ सबै नगरबासीलाई सर्वसुलभ ढङ्गले आधारभुत स्वास्थ्य सेवाको पहुँच तथा गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह गर्न संघीय सरकार, प्रदेश सरकार, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संघ संस्था संगको समन्वय तथा साझेदारीमा स्वास्थ्य सम्बन्धी कार्यक्रमहरु कार्यान्वयन गरिनेछ । सबै वडाका स्वास्थ्य संस्थाहरूमा नेपाल सरकारले तोकेका निशुल्क औषधिहरूको अभाव हुन नदिन अत्यावस्यक औषधि व्यवस्थापनका लागि आवश्यक प्रबन्ध मिलाइनेछ ।

६८ बर्थिङ्ग सेन्टर गुणस्तर सुधार तथा न्युनतम सेवा मापदण्ड कार्ययोजनाको प्रभावकारी कार्यान्वयन गरिनेछ । जेष्ठ नागरिक तथा दीर्घरोगीहरुको घरघरै स्वास्थ्य परिक्षण गरिनेछ । **'मेरो स्वास्थ्य, मेरो जिम्मेवारी'** भन्ने मन्त्रसाथ नागरिक स्वास्थ्यका सचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ ।

६९ फलेवास नगर अस्पतालको भवन निर्माण सम्पन्न गरी आगामी वर्ष नयाँ र अत्याधुनिक भवनबाट सेवा प्रवाह गरिने लक्ष्य राखिएको छ । नगर अस्पतालबाटै स्वास्थ्य बिमा गरेका नगरबासीहरुको उपचार शुभारम्भ गरी बीमाप्रति सचेतनामुलक कार्यक्रम गर्दै सबै नगरबासीलाई स्वास्थ्यबीमाको दायरामा ल्याउन पहल गरिनेछ । सदरमुकाममा रहेको प्रदेश अस्पतालको बिशिष्टिकृत सेवामा समन्वय र सहकार्य गरिनेछ । नगर अस्पतालबाटै एम्बुलेन्स सेवालाई प्रभावकारी बनाइनेछ ।

७० **बाल बिवाहमुक्त, बालश्रममुक्त, सडक मानवमुक्त, पोषणमैत्री शासनयुक्त नगर** तथा **क्षयरोगमुक्त नगर** घोषणा कार्यक्रमलाई तिब्रताका साथ अघि बढाइने छ । बालमैत्री शासन अबलम्बन गरी नगरका हरेक घरदेखि सार्वजनिक संघसंस्थामा उनिहरुको निर्णायक उपस्थीति सहित बालमैत्री शासनका सूचकहरु तयार गर्न आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

७१ स्वास्थ्य चौकीहरुमा रहेका प्रयोगशालाहरुको क्षमता विकास गरिनुका साथै **No Home Delivery** कार्यक्रम अन्तर्गत बर्थिङ सेण्टरहरुको स्तरोन्नती गरिने छ । प्रत्येक बर्थिङ सेन्टरमा दक्ष प्रसुतिकर्मिको व्यवस्था रहने गरी २४ सै घण्टा सुरक्षित प्रसुति सेवाको उपलब्धता सुनिश्चित गर्ने निति लिइने छ । स्वास्थ्य चौकीहरुमा आवश्यक

नियमित सञ्चालन खर्चको व्यवस्थापन गरिनेछ । सुत्केरी प्रेषण सहायता कार्यक्रमलाई निरन्तरता दिइनेछ । स्वास्थ्य संस्थाबाट प्रदान गरिने स्वास्थ्य सेवालाई डिजिटाइज गरिनेछ । कार्यप्रगतिका आधारमा स्वास्थ्यसंस्था र स्वास्थ्यकर्मीलाई प्रोत्साहन गरिनेछ । नगरका एम्बुलेन्स मार्फत सुत्केरी, अशक्त तथा अति बिपन्न, नागरिकहरुको अवस्थाका आधारमा निःशुल्क सेवा दिइनेछ ।

७२ **आमा बा स्वास्थ्य कार्यक्रम** मार्फत जेष्ठनागरिक र अपाङ्गहरुको स्वास्थ्य उपचारमा सहयोग पुर्‍याउन स्वास्थ्यकर्मी घरघरमा पुगेर मलेरीया, क्षयरोग, डेङ्गु, कोभिड १९ जस्ता महामारीजन्य रोग, साथै नसर्ने रोग मधुमेह, मुटु रोग, मृगौला सम्वन्धी रोगको परिक्षण साथै समुदाय स्तरमा उपचार र निदान कार्यक्रम बिस्तार गरी स्वास्थ्य सेवाको पहुँचमा बृद्धि गरिने छ ।

७३ नियमित खोप सेवा साथै पूर्ण सरसफाई कार्यक्रमलाई निरन्तरता दिईने छ । साथै पूर्ण खोप पाउने वालवालिकाको अधिकारलाई सुनिश्चित गरिने छ । देविस्थान र शंकरपोखरीमा रहेका भ्यक्सिन सब सेन्टरलाई गुणस्तरिय व्यवस्थित गराइने छ । मलेरीया, क्षयरोग, डेङ्गु, रोगको पहिचान र उपचारको लागि सघन रुपमा ल्याव परिक्षण र स्क्रीनिङ्ग क्याम्पको सञ्चालन गरिने छ ।

७४ बढ्दो मानसिक समस्या र आत्महत्या न्यूनिकरण गर्न मनोसामाजिक परामर्सको व्यवस्था गरीनेछ । संघीय सरकारबाट प्रदान गरिने आर्थिक रुपले बिपन्न नागरिकहरुले मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका विरामीलाई औषधि उपचार बापत पाउने मासिक उपचार खर्चलाई निरन्तरता दिइनेछ ।

७५ यस नगरपालिकाको वडा नं ३ मा रहेको शंकरपोखरी आयुर्वेद औषधालय मार्फत आयुर्वेद सेवा तथा योग, ध्यान र व्यायामलाई सबै वडामा पुर्याइने छ । साथै स्थानीय जडिबुटीको उपयोगिता प्रयोग र प्रर्वधन गरिने छ । यस नगरपालिकाको वडा नंवर ६ मा रहेको प्रदेश आयुर्वेद चिकित्सालयको भवन निर्माणका लागि आवश्यक पहल गरिनेछ । आयुर्बेद उपचार पद्दतीलाई नगरबासीको योग, ध्यान, साधना तथा दैनिकीसंग जोड्न प्रेरित गरिनेछ ।

७६ प्राथमिक स्वास्थ्य सेवा उल्लेखित आयुर्वेद सेवा एवं आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभागले निर्देशित अत्यावश्यक आयुर्वेद औषधिहरुको निशुल्क उपलब्धता सुनिश्चित गरिने छ ।

७७ **"रोग बिरुद्धको चेनता नगरबासीमा, रोगको उपचार टोलटोलमा"** भन्ने मन्त्रसाथ महिला स्वास्थ्य स्वयंसेविकाहरुको नेतृत्वमा नगरबासीहरुलाई स्वास्थ्य सचेतना, सेवा र सक्रियतालाई प्रोत्साहन गर्दै स्वयंसेविकाहरुलाई सक्रिय गराइने छ । उनिहरुका लागि क्षमता अभिबृद्धीका साथै सहजिकरण सामाग्रि व्यवस्थापन गरिनेछ ।

७८ नगरपालिकामा सञ्चालनमा रहेको धुलिखेल अस्पतालको सेवा बिस्तार तथा गुणस्तर अभिबृद्धीका लागि आवश्यक सहयोग गरिनेछ । नगरभित्र रहेका टेलिमेडिसिनको गुणस्तर अभिवृद्धिका लागि प्रोत्साहन गरिनेछ ।

७९ ८० वर्ष उमेर नाघेका एकल, दलित, जनजाति, अल्पसङ्ख्यक जेष्ठ नागरिकको सम्मानका लागि जेष्ठ नागरिक सम्मान कार्यक्रम आयोजना गरिनेछ । द्वन्द्वपीडित, सहिद, बेपत्ता तथा (माझी, बोटे, कुमाल लगायत) सिमान्तकृत परिवारका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ । सङ्घीय सरकारको सामाजिक सुरक्षाको दायरामा नपरेका ५० देखि ७० वर्षसम्मका बिदुर पुरुष तथा एकल महिलाहरुलाई सहज जिवनयापनका लागि सामाजिक संरक्षण प्रोत्साहन भत्ताको व्यवस्था गरिने छ ।

८० सडक आश्रित मानवहरूको मानवोचित व्यवस्थापनको लागि औषधोपचार, पालनपोषण र जीवन रक्षाका लागि मानवसेवा आश्रम वाग्लुङसँग सहकार्य गरिनेछ ।

८१ नगरपालिकाको सम्पदाको रुपमा रहेका जनजाति संस्कृति, भाषा तथा भेषभुषाको संरक्षणका कार्यक्रमहरू सञ्चालन गरिनेछ । गुरुङ, नेवार, मगर, माझी, बोटे, मुस्लिम समुदायका सघन बस्ती भएका ठाँउहरू खाल्टे, खुम, कार्कीनेटा, थापाठाना, देविस्थान, मुडिकुवा, पाङराङमा मौलिक संस्कृति संरक्षण तथा विकास कार्यक्रम सञ्चालन गरिनेछ । लाखेनाच, पञ्चेबाजा, लोकदोहोरी, भजन लगायतको प्रबर्द्धनका लागि नगरले समुदायको साझेदारीमा सहयोग गर्नेछ ।

८२ नगरमा खेलकुद प्रशिक्षण गर्ने व्यक्ति वा संस्थालाई प्रोत्साहन गरिनेछ । यस नगरमा उदाउँदो क्रिकेट, भलिबल, फुटबल, कबर्डी लगायतका अन्य खेल र खेलाडीलाई प्रोत्साहन गरिनेछ । अन्तराष्ट्रिय तथा राष्ट्रिय प्रतिस्पर्धामा सहभागि हुने खेलाडीलाई नगरबाट विशेष सहयोग प्रदान गरिनेछ । जिल्लास्तरिय खेलकुद प्रतियोगिता लगायतका अन्य खेलमा उत्कृष्ठ नतिजा ल्याई नगरको प्रतिष्ठा बढाउने खेलाडीहरुलाई उचित प्रोत्साहन गरिनेछ ।

८३ फलेवास नगरपालिकाद्वारा प्रवर्तित र सूचिकृत युवा क्लवहरुलाई प्रोत्साहन गरिनेछ । एकल महिला, अपाङ्गता भएका व्यक्ति, तेस्रो लिङ्गी, जेष्ठ नागरिकबाट सञ्चालन गरिएका उद्योग व्यवसायमा आवश्यक सहयोग गर्दै प्रत्येक वडामा कम्तिमा एउटा घरेलु उद्योग स्थापना गर्न प्रोत्साहन गरिनेछ ।

८४ रोजगार सेवा केन्द्रलाई 'रोजगार, सीप तथा उद्यमशीलता केन्द्र' मा रूपान्तरण गरी एकीकृत केन्द्रका रुपमा स्थापना गरिनेछ । बेरोजगार दर्ता, सीप विकास, र उद्यमशीलता कार्यक्रम एउटै केन्द्रबाट सञ्चालन गर्न एकद्वार सेवा प्रवाह नीति लिइनेछ । स्थानीय श्रम बजारको माग अनुसार कृषि, पर्यटन र प्रविधिमा आधारित सीपमूलक

तालिम प्रदान गरिनेछ । बेरोजगार युवाहरूको सीप र क्षमताको डिजिटल प्रोफाइल (EMIS) मा तयार गरिनेछ । युवाहरूलाई वित्तीय साक्षरता, व्यावसायिक परामर्श र 'जब म्याचिङ' सेवा दिने नीति लिइनेछ ।

८५ संघ तथा प्रदेश सरकारसँगको समन्वय तथा लागत साझेदारीमा सुरक्षित वैदेशिक रोजगार सम्बन्धी सूचना प्रवाह, सीप अभिवृद्धि, मनोसामाजिक परामर्श र वित्तीय साक्षरता लगायतका सेवाहरु प्रवाह गरीनेछ । वैदेशिक रोजगारीका क्रममा समस्यामा परेका व्यक्तिहरुलाई आवश्यक कानुनी तथा आर्थिक सहायताका लागि विशेष पहल गरिनेछ । वैदेशिक रोजगारी तथा अन्य कारणले उत्पन्न मानसिक स्वास्थ्यको समस्यालाइ न्यूनीकरण गर्न मनोसामाजिक परामर्श तथा मानसिक स्वास्थ्य प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ ।

८६ स्थानीय स्तरमा रोजगारी सिर्जना गर्न स्वरोजगार तथा रोजगारमुलक कार्यक्रमहरू सञ्चालन गरीने छ साथै उक्त कार्यक्रमहरूमा वैदेशिक रोजगारीबाट फर्केका आप्रवासी कामदारहरूको पहुँच सुनिश्चित गरीने छ । पालिकास्तरीय आप्रवासी श्रमिक सञ्जाल गठन तथा क्षमता विकास कार्यक्रम अगाडी बढाईनेछ । सुरक्षित आप्रवासन कार्यक्रमलाई संस्थागत गर्दै लगिनेछ ।

८७ लैङ्गिक हिंसामा शून्य सहनशीलताको नीति अवलम्बन गरिनेछ । हिंसा पीडितका लागि शीघ्र न्याय प्राप्त हुने वातावरण सिर्जना गरिनेछ । अभिभावक बिहिन बालबालिका र बेसहारा तथा हिंसापीडित नागरिककहरुका लागि सुरक्षित अभिभावकत्व सहित व्यवस्थापन गरिनेछ ।

८८ नगरबासीको राष्ट्रिय परिचय पत्र तयार गर्न आवश्यक समन्वय गरिनेछ । पञ्जिकरणलाई व्यवस्थीत र व्यक्तिगत घटना दर्ता मापनलाई नियमित गरिनेछ । नगरबासीको पारिवारिक प्रोफाइल तयार गरिनेछ ।

८९ सामाजिक सुरक्षा भत्तालाई राष्ट्रिय परिचय पत्रसंग आवद्द गरिनेछ । लाभग्राहिहरुको बिवरण बायोम्याट्रिक स्क्यान प्रविधिबाट नविकरण गरिने छ ।

९० न्यायीक समितिको कामकारवाहिलाई डिजिटाइज गरिनेछ । वडास्तरिय कानूनि सचेतना कार्यक्रम सञ्चालन गरिनेछ । अन्तर पालिकास्तरिय न्यायिक सम्मेलनको आयोजना गर्न अन्य सरकारसंग प्रस्ताव गरिनेछ । न्यायिक समितिको नियमित बैठक र क्षमता विकासलाई प्राथमिकता दिइनेछ । न्यायिक समिति सूचना व्यवस्थापन प्रणाली निर्माण गरिनेछ । न्यायिक समिति विवाद भएको स्थानमा नै पुगी स्थलगत विवाद समाधानको प्रत्यक्ष विधि अवलम्बन गरिनेछ । गम्भीर प्रकृतिका देवानी कसूरहरूमा पीडितले न्याय प्राप्त गर्न सक्ने गरी कानुनी सहायता प्रदान गरिनेछ ।

९१ नगरपालिकाको समग्र विकासमा निजी क्षेत्र, समुदायिक संस्था, गैर सरकारी संस्थासँग साझेदारी र सहकार्य गरिनेछ । गैर सरकारी संस्थाले नगरमा सञ्चालन गर्ने कार्यक्रमहरूमा नगरको अनुमति लिनुपर्ने अनिवार्यता गरिनेछ । गैर सरकारी संस्था समन्वय समिति मार्फत् अनुगमन र निरीक्षण गरी राम्रो काम गर्नेलाई प्रोत्साहन गरिनेछ ।

९२ नगरभित्रका व्यवसायोन्मुख किसान, गरिव, दलित, महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका नागरिक, युवा, युवा महिला, किशोरी, दीर्घरोगी लगायत असाहय नागरिकहरुको क्षमता अभिबृद्धी गरिनुका साथै उनिहरुलाई आर्थिक तथा व्यवसायिक रुपमा सक्षम बनाउन **'बिपन्न र असाहय नागरिकसंग नगरपालिका'** बिशेष कार्यक्रम सञ्चालन गरी मागमा आधारित सीपमुलक कार्यक्रम सञ्चालन गरिनेछ ।

९३ नगरभित्र पहिचान भएका भूमिहिन सुकुम्बासी परिवारलाई जग्गा व्यवस्थापनका लागि पहल गरिनेछ । साथै अति बिपन्न र भूमिहिन परिवारलाई आवास तथा खाद्यान्नको व्यवस्था मिलाउन पहल गरिनेछ ।

## वन, वातावरण तथा विपत् व्यवस्थापन

९४ नगरका चौतारी, पोखरी, मठमन्दिर, कोटहरू, पाटी पौवाको मर्मत सम्भार गरिनेछ । समुदायको साझेदारीमा एक वडा एक चौतारा/पोखरी निर्माण कार्यलाई प्रोत्साहन गरिनेछ ।

९५ फलेवासको विकासमा सबै नगरबासीहरुको सहभागिता, आर्थिक विकास, सामाजिक विकास, दीगो पुर्वाधार विकास, वातावरणीय विकासका लागि सामाजिक जागरणका रुपमा रहेको क्लिन फलेवास ग्रिन फलेवास अभियानलाई फलेवासको बहुआयामिक विकासका लागि थप परिस्कृत गर्दै सञ्चालन गरिनेछ । यस कार्यक्रमलाई नगरबासीको आम्दानीसंग जोडिनेछ ।

९६ नगरको फोहोर व्यवस्थापनका लागि उपयुक्त स्थानमा व्यवस्थीत ल्याण्डफिल साइडको खोजी गरिनेछ । नगरभित्र खपत हुने सिसा तथा प्लास्टिकजन्य बोतललाई सम्बन्धित उत्पादक कम्पनीमा पुन:प्रयोगका लागि फिर्ता पठाउने व्यवस्था मिलाइनेछ ।

९७ सामुदायिक वनको व्यवसायिकरणका लागि सामुदायिक वन भित्र अम्रिसो, खन्यू, किम्बु जस्ता डालेघाँसका बिरुवा रोप्न समुदायलाई प्रोत्साहन गरिनेछ । साथै सामुदायिक वन भित्र आँप, लिची, कटहर ओखर लगायतका फलफुलका बिरुवा रोपणको अभियान सञ्चालन गरिनेछ । सामुदायिक वनलाई नगरबासी र नगरको आयआर्जनसंग जोडिनेछ । खेतियोग्य जमिनका अनावश्यक र अनुत्पादक रुख तथा झाडी फडान गरी खेतीयोग्य

जमिनको बिस्तार कार्यलाई नगरका ११ वटै वडामा अभियानका रुपमा सञ्चालन गरिनेछ ।

९८ स्थानीय वन ऐन निर्माण गरी वनपैदावारहरुको उत्पादन तथा बिक्रीबितरण कार्यलाई सहज बनाइने छ ।

९९ नदी र खोलाबाट वर्षातको समयमा हुने वाढी पहिरो जस्ता प्रकोपलाई नियन्त्रण गर्ने कार्यक्रम ल्याइनेछ । कालीगण्डकी, मोदी, लमाए, मल्याङ्दी, चिर्दी, जमले, खाल्टे, लुवाखोला, सराङ्दीखोला, राहालेखोला, लगायतका नदी तथा खोला किनारहरूमा वृक्षारोपण र तटबन्ध गर्न संघ र प्रदेश सरकारसंग पहल गरी कार्य अगाडी बढाइनेछ ।

१०० प्राकृतिक तथा मानव सिर्जित विपत्तिको न्यूनीकरण र सामना गर्न नगरका सबै संयन्त्रका साथै रेडक्रस, नेपाल स्काउट, स्वयंसेवक लगायतलाई सक्रिय बनाइनेछ । प्रकोप पीडितहरूको लागि तत्काल उद्धार र राहत कार्यक्रम सञ्चालन गरिनेछ । जसका लागि विपत् पूर्वतयारी र प्रतिकार्य योजना निर्माण र कार्यान्वयन गरिनेछ ।

१०१ नगरभित्रका खरको छाना भएका परिवारलाई सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत खरको छाना बिस्थापन गरी जस्ताको छानाको व्यवस्था गरिनेछ । मनसुनजन्य बिपतमा परेका घरहरुलाई संघीय सरकारसंगको साझेदारीमा पुनर्निर्माण तथा पुनर्स्थापना कार्यक्रमलाई अघी बढाइनेछ । अव्यवस्थीत बसोबासीलाई व्यवस्थीत आवास निर्माणमा प्रोत्साहन गरिनेछ । सुरक्षित नागरिक आवास कार्यक्रम सञ्चालन गरिनेछ ।

उल्लिखित नीति तथा कार्यक्रमहरू निजी क्षेत्र, सहकारी क्षेत्र, गैर सरकारी क्षेत्र, प्रदेश सरकार र सङ्घीय सरकार समेतको समन्वय सहकार्य र साझेदारीमा कार्यान्वयनमा ल्याइनेछ ।

**नगर सभा सदस्यहरू,**
**नगरवासी आमाबुबा, दाजुभाइ तथा दिदीबहिनीहरू ।**
**अन्त्यमा,**

फलेवास नगरपालिकाको प्रस्तुत नीति तथा कार्यक्रम नगरको समृद्धी अगाडि बढाउने क्रममा हामीलाई बिभिन्न समयमा महत्वपुर्ण सल्लाह सुझाव दिएर यस अवस्थासम्म ल्याइपुऱ्याउन उल्लेखनीय सहयोग गर्नुहुने प्रतिनिधि सभाका माननीय सदस्यज्यू, राष्ट्रिय सभाका माननीय सदस्यज्यू, पुर्व माननीयज्यूहरु, प्रदेशसभाका माननीय मन्त्रीज्यू, पुर्व मन्त्रीज्यू तथा माननीय सदस्यज्यूहरु, संविधानसभाका सदस्यज्यूहरु, जिल्ला समन्वय समितिका प्रमुख, उपप्रमुख तथा सदस्यज्यूहरु, नगरपालिकाका पुर्व जनप्रतिनिधिज्यूहरु, बिभिन्न राजनीतिक दलका अग्रज नेताज्यूहरु, समाजसेवी, उद्योगी व्यवसायीहरु, देसबिदेशमा रहेर फलेवास नगरपालिकाको समृद्धीप्रति चासो राख्ने हाम्रा सुभचिन्तकहरु, नगरका राष्ट्रसेवक कर्मचारीज्यूहरु, शिक्षकज्यूहरु, सञ्चारकर्मी साथीहरु, सुरक्षाकर्मी,

बिभिन्न विषयका विज्ञहरु, नीजि क्षेत्र, नगरबासी किसानहरु, उद्यमी, फलेवास नगरवासी सम्पूर्ण आमाबुबा, दाजुभाइ, दिदीबहिनीहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु । यहाँहरुले हामीप्रति देखाएको विश्वास र भरोसालाई हामीले सधैं शिरोधार्य गर्दै अघि बढ्नेछौं । यहाँहरूले नगरमा गरेको आर्थिक, भौतिक तथा मानवीय लगानीको प्रतिफल प्राप्त हुनेगरी यो नीति तथा कार्यक्रम प्रस्तुत गरेको छु । यहाँहरूकै समृद्धि र सुखका लागि नगरपालिकाका हरेक प्रयासहरु क्रियाशील हुनेमा म यहाँहरू समक्ष प्रतिवद्धता व्यक्त गर्दछु । नगरको नीति, कार्यक्रम तथा बजेट कार्यान्वयनका लागि यहाँहरूको अमूल्य सुझाव र सल्लाहलाई म सधैं शीरोधार्य गर्नेछु । समृद्ध फलेवासः नमुना फलेवासको लागि यहाँहरूको साथ समर्थन र सहयोग सधैं रहिरहने छ भन्ने अपेक्षा गर्दछु ।

**फलेवास र फलेवासबासीको जय होस् ।**
**नमस्कार, जय फलेवास ।**
**जयनेपाल ।**

**गंगाधर तिवारी**
**नगरप्रमुख**

**दिनांक २०८३।०३।०८**

# फलेवास नगरपालिका, पर्वतको
# अठारौं नगर सभामा
# उपप्रमुख श्री शोभाकुमारी क्षेत्रीज्यूले प्रस्तुत गर्नुभएको
# आर्थिक वर्ष २०८३/०८४ को
# बजेट तथा कार्यक्रम

## फलेवास नगरपालिका

खानीगाउँ, पर्वत

आषाढ ०९, २०८३

सभाध्यक्ष महोदय,

नगर सभा सदस्यहरु,

१ फलेवास नगरपालिकाको यस गरिमामय अठारौं नगर सभामा नगरको आर्थिक वर्ष २०८३/८४ को वार्षिक बजेट तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा अत्यन्तै खुशी लागेको छ।

२ सर्वप्रथम राष्ट्र, राष्ट्रियता, राष्ट्रिय स्वाधीनता, समावेशी र सामाजिक न्याय सहितको शान्तिपूर्ण समाज निर्माण तथा लोकतान्त्रीक गणतन्त्र नेपालको स्थापना गर्न भएका आन्दोलन, जनविद्रोह र हालसम्मको राजनीतिक परिवर्तका लागि भएका जनआन्दोलनहरुमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरू प्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछु । साथै मुलुकको राजनीतिक, आर्थिक एवम् सामाजिक परिवर्तनका लागि विभिन्न प्रकारका सङ्घर्षहरूमा युगान्तकारी भूमिका निर्वाह गर्नुहुने अग्रजहरू प्रति श्रद्धा र सम्मान प्रकट गर्न चाहन्छु ।

३ यसै सन्दर्भमा फलेबासी जनताको लोकतान्त्रीक गणतन्त्र स्थापना र विभिन्न समयमा भएका सङ्घर्षप्रति देखाएको अग्रसरतालाई उच्च सम्मान गर्दै यहाँहरुले दिएको जिम्मेवारी यहाँहरुकै साथ सहयोग लिएर पूरा गर्न निरन्तर अगाडि बढिरहेको व्यहोरा अनुरोध गर्दछु । साथै समृद्ध नगर निर्माण गर्ने अभियानमा महत्वपूर्ण साथ, सहयोग र सहकार्यका लागि यसै सम्मानित सभा मार्फत सवै सरोकारवालाहरुमा हार्दिक आह्वान गर्न चाहन्छु ।

सभाध्यक्ष महोदय,

४ सङ्घीय लोकतान्त्रीक गणतन्त्र नेपालको संविधान जारी भएसंगै आफ्ना संविधान प्रदत्त अधिकार अनुसार राजस्व सहित अन्तरसरकारी वित्तीय हस्तान्तरण परिचालनका गर्नुका साथै आवश्यक समन्वय, सहकार्य र साझेदारी गर्दै शासनमा अपनत्व बढाउने र नागरिकको अपेक्षा पुरा गर्न नगरपालिका क्रियाशील रहेको व्यहोरा यसै सभा मार्फत दोहोर्‍याउन चााहान्छु ।

५ नगरपालिकामा रहेको न्युन आन्तरिक आय, स्थानीय तहलाई प्राप्त हुने अन्तरसरकारी वित्तीय हस्तान्तरण नै नगरको सञ्चित कोषको एकमात्र आधार रहेको छ जसबाट नगरको चौतर्फी विकास र समृद्धिको जनचाहना सम्बोधन गर्नुपर्ने अवस्था रहेको छ । उल्लेखनीय रुपमा शहरी विकास हुन नसकेको अवस्थामा गठन भएको नगरपालिका, न्यून आन्तरिक आय, घट्दो अन्तर सरकारी वित्तीय हस्तान्तरणबाट नगरको समृद्धि र विकास प्रतिको नागरिक अपेक्षा पूरा गर्न

चुनौतीपूर्ण अवस्था बन्दै गएको छ । सीमित आयस्रोतबाट नगरको सर्वाङ्गीण विकासको लागि गर्नुपर्ने आर्थिक, सामाजिक लगायत भौतिक पूर्वाधारमा लगानी बढाई बढ्दो नागरिक अपेक्षा पुरा गर्न असम्भव प्राय देखिएको छ ।

६ नगरद्वारा अगाडि सारिएका नीति तथा कार्यक्रमहरु, हरेक बस्तीमा भरपर्दो यातायातको सुविधा, कृषि र पशुपालनमा स्थानीय आयआर्जनको सम्भावना, नगरको विभिन्न वडामा रहेका उत्पादनशील क्षेत्र तथा फलफुल र नगदेबालीको प्रचुरता, कालीगण्डकी लोकमार्गद्धारा भावी दिनमा नगरको विकासमा पुरयाउन सक्ने सम्भावना, कुश्मा पोखरा जस्ता पर्यटकीय क्षेत्रको छिमेकी पालिका हुन लगायतका सवल पक्षलाई नगरको बृहत्तर हित र विकासमा उपयोग गर्न सकेमा नागरिक अपेक्षा सम्बोधन गर्न सहयोगी हुने कुरामा विश्वास व्यक्त गर्दछु ।

सभाध्यक्ष महोदय,

७ सङ्घीय सरकारबाट प्राप्त हुने समानीकरण अनुदान, राजश्व बाँडफाँड, सशर्त कार्यक्रम, समपुरक तथा विशेष अनुदान र सोही प्रकृतिको गण्डकी प्रदेश सरकारवाट प्राप्त हुने बजेट सहित यस नगरपालिकाको आन्तरिक आम्दानी नै नगर विकासमा स्रोत व्यवस्थापनको मुख्य आधार हो । प्रस्तुत बजेटमा सशर्त वाहेक नगरको प्राथमिकता अनुसार बाँडफाँड गर्न सकिने बजेटको हिस्सा अत्यन्त न्यून रहेको छ । अर्कोतर्फ नगरको आन्तरिक आम्दानी (कर तथा गैरकर) र स्थानीय राजश्वको हिस्सा समेत बजेटमा अत्यन्त न्युन रहेकोछ । नगरको सिमित आय र प्रदेश एवं सङ्घीय सरकारबाट प्राप्त भएको घट्दो अनुदानमा निर्भर रहनुपर्ने बाध्यताका विचमा रहेर प्रस्तुत गर्न लागिएको आर्थिक बर्ष ०८३।८४ को प्रस्तावित बजेट तथा कार्यक्रममा सवै क्षेत्रमा सकेसम्म समानुपातिक रुपमा सम्बोधन गर्ने प्रयास गरिएको व्यहोरो अवगत गराउन चाहन्छु ।

नगर सभा सदस्यहरु,

८ फलेवास नगरपालिकामा हालसम्म नगरपालिका स्थापनाको शुरुवाती अवस्थामा रहेको भौतिक पूर्वाधारको अवस्थामा धैरै सुधार भैसकेको छ । सवै टोल बस्तीहरूमा पुग्ने करिव ४०० कि.मी. मोटरबाटो निर्माण भैसकेको छ । नगरमा रहेका २ वटा मेशीनहरु निरन्तर सडक मर्मत एवं निर्माण कार्यमा परिचालन भैरहेका छन । संघीय र प्रदेश सरकारसंगको समन्वय र साझेदारीमा सडक स्तरोन्नती र सडक कालोपत्रे गर्ने कार्यहरु निरन्तर अगाडि बढिरहेका छन् । नगरपालिका स्थापनाको अवस्थामा धुले हिलाम्ये र जोखिमपूर्ण अवस्थामा रहेका कच्ची सडकहरु स्तरोन्नती र

वाह्रै महिना यातायात सञ्चालन हुने अवस्थामा पुग्न लागेका छन । हाल सम्म नगरमा करिव ८० कि.मि. सडक कालोपत्रे भैसकेको छ । नगरपालिकामा जोखिमपूर्ण विद्युतीय काठेपोल विस्थापन कार्य पूर्ण भैसकेको छ भने विधुत लाइन स्तरोन्नती गर्ने कार्य समेत भैरहेको छ। संघ तथा प्रदेश सरकारसंगको साझेदारी र समन्वयमा सिंचाइ पूर्वाधार निर्माण गरी भरपर्दो सिंचाई सुविधा र हिउदे खेतीको लागि सिंचाई सुविधा बढ्दै गएको छ। त्यसै गरी संघीय सरकारसँगको सहकार्यमा वडा नं ३, ५ र ६ का ११ स्थानमा डिप बोरींग मार्फत खानोपनी तथा सुविधा विस्तार गरिएको छ। एकघर एकधारा खानेपानीको सुविधा व्यवस्थित गर्न निरन्तर संघ र प्रदेश सरकारसंग सहकार्य गरिएको छ । विद्यालयको भौतिक तथा संस्थागत अवस्थामा सुधार भएको छ भने स्थानीय पाठ्यक्रम तयार भई १ देखि ८ कक्षा सम्म पठनपाठन कार्य शुरु गर्न लागिएको छ। १० शैयाको नगर अस्पताल भवन निर्माण कार्य आगामी आ.व. मा सम्पन्न गरिने छ।। कृषि तथा पशुपालनको क्षेत्रमा व्यवसायीकता विकास हुंदै गएको छ। कार्यालयको भौतिक तथा संस्थागत विकासको अवस्थामा सुधार हुंदै गएको छ भने प्रमुख प्रशासकीय भवन निर्माण कार्य सम्पन्न भै नवनिर्मित भवनबाट सेवा प्रवाह शुरु भएको छ । नगरका ९ वटा वडाका वडा कार्यालय भवन निर्माण सम्पन्न भएका छन् भने बांकी वडा नं ५ र ७ को वडा कार्यालय भवन गण्डकी प्रदेश सरकारसंगको लागत साझेदारीमा आगामी आ.व. मा सम्पन्न गर्ने गरी ठेक्का बन्दोबस्त गर्ने प्रक्रिया अगाडि बढि रहेको छ । राज्यले लक्षित गरेका विभिन्न समुदायहरू जेष्ठनागरिक, वालवालिका, महिला, अपांगता भएका व्यक्ति, दलित र अल्पसंख्यक समुदायको आत्मसम्मान, आर्थिक विकास, सीप विकासको क्षेत्रमा समेत केही कार्यक्रमहरु सम्पादन गरिएको छ।

सभाध्यक्ष महोदय,

९ अव म आर्थिक वर्ष ०८१।८२ को यथार्थ र आर्थिक वर्ष ०८२।८३ को संशोधित वजेट अनुमान प्रस्तुत गर्दछु।

गत आर्थिक वर्ष २०८१/०८२ को समिक्षा:-

गत आ.व. २०८१/०८२ को कूल विनियोजित रकम ७१ करोड २८ लाख ८० हजार रहेकोमा २०८२ असाढ मसान्तसम्ममा यस नगरपालिकामा कूल आम्दानी ६४ करोड १ लाख ५२ हजार ५ सय ६८ रुपैयाँ ५० पैसा भएको छ भने सो अवधिभर ६० करोड ९७ लाख ७४ हजार ७ सय रुपैयाँ ७० पैसा खर्च भइ ८५ दशमलव ५३ प्रतिशत वित्तीय प्रगति हासिल

भएको छ । संघ तथा प्रदेश सरकारतर्फ अनुदान फिर्ता रु. ३ करोड ४६ लाख ७१ हजार ६ सय ३३ रुपैयाँ १७ पैसा भएको छ भने ३ करोड १५ लाख ५१ हजार १ सय २३ रुपैयाँ २१ पैसा चालू आ.व. २०८२/०८३ को लागि अ.ल्या भएको छ । गत आ.व. मा धरौटी आम्दानी अ.ल्या ८६ लाख ७३ हजार ३ सय २८ रुपैयाँ ४१ पैसा रहेकोमा धरौटी फिर्ता ४५ लाख ९२ हजार ८ सय १८ रुपैयाँ ४१ पैसा भएको छ भने रु ३० हजार सदर स्याहा भएको छ । साथै ०८१/८२ मा प्राप्त भएको धरौटी रु ६० लाख ४६ हजार ६ सय ५७ रुपैया ७२ पैसा खर्च भइ मौज्दात १ करोड ९७ हजार १ सय ६७ रुपैयाँ ७२ पैसा रहेको छ ।

कार्यसंचालन कोष तर्फ जम्मा आम्दानी २ करोड २८ लाख ३६ हजार ५ सय १३ रुपैयाँ ५० पैसा र खर्च १ करोड ६९ लाख ७३ हजार ७ सय ७६ रुपैयाँ भएको छ भने मौज्दात ५८ लाख ६२ हजार ७ सय ३७ रुपैयाँ ५० पैसा रहेको छ । विभाज्य कोषमा जम्मा आम्दानी ७४ लाख १३ हजार ८ सय ७५ रुपैयाँ भएकोमा उक्त रकम पालिका र गण्डकी प्रदेश सरकारबीच बाँडफाँड भएको छ ।

अन्तर सरकारी अख्तियारीतर्फ गत आर्थिक वर्षमा विनियोजित सामाजिक सुरक्षा तर्फ कूल विनियोजित रकम १६ करोड ५२ लाख ८९ हजार रहेकोमा १६ करोड ५२ लाख ७४ हजार १ सय ४७ रुपैया ३३ पैसा खर्च भएको छ, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रममा ३५ लाख ६७ हजार रुपैयाँ विनियोजन भएकोमा ३२ लाख ७६ हजार २ सय ७ रुपैया खर्च भएको छ । त्यसैगरी एकीकृत स्वास्थ्य पुर्वाधार विकास कार्यक्रम मा रु ३ करोड ५ लाख ५ हजार विनियोजन भएकोमा पेश्की समेत रु ३ करोड १ लाख ९२ हजार १ सय २१ रुपैया खर्च भएको छ ।

प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रममा कूल विनियोजित रकम १ करोड ३५ लाख भएकोमा शत प्रतिशत खर्च भएको छ, त्यस्तै गरि बिधालय शिक्षा क्षेत्र योजना मा रु ९ लाख ३८ हजार विनियोजन भएकोमा रु ६ लाख ७२ हजार खर्च भएको छ । जसलाई अठारौं नगरसभामा सदर हुन पेश गरेको छु ।

१० चालू आर्थिक वर्ष ०८२।८३ को संशोधित बजेट तर्फः-

फलेवास नगरपालिकाको सत्रौ नगरसभाले पारित गरेको आ.व. २०८२/०८३ को बजेट तथा कार्यक्रममा चालू तथा पूँजीगत तर्फका खर्च नभएका शीर्षकहरुबाट कार्यपालिकाको बैठकले विभिन्न मितिमा बजेट रकमान्तर गरी उल्लेखित शीर्षकहरुमा संलग्न लिस्ट अनुसूची-१ अनुसार चालू एवम् पूँजीगत तर्फको नपुग भएका शीर्षकमा थप एवम् घट गरी बजेट

संशोधन गरिएको छ । विभिन्न शिर्षकहरुमा २ करोड ६३ लाख २ सय २२ रुपैया घट भएको छ भने सोही बजेट विभिन्न शिर्षकहरुमा थप भएको छ ।

सभाध्यक्ष महोदय,

११ हामीले आर्थिक वर्ष २०८३/८४ को बजेट तथा कार्यक्रम तयार गर्दा आर्थिक वर्ष ०८२।८३ को चालु अवधिसम्म प्राप्त उपलब्धीहरूलाई संस्थागत गर्दै नेपालको संविधानमा भएका नीतिगत व्यवस्था, मौलिक हक, निर्देशक सिद्धान्त, सोह्रौं पञ्चबर्षिय योजनामा उल्लिखित प्राथमिकता, दीगो विकास लक्ष्य र राष्ट्रिय अन्तराष्ट्रिय प्रतिवद्धताहरू, स्थानीय सरकार संचालन ऐन, २०७४, बजेट तर्जुमा दिग्दर्शन, नगरपालिकाको स्थानीय आवश्यकता र प्राथमिकता, राजनैतिक दल एवम् विज्ञहरूको सुझाव, फलेवास नगरपालिकामा भएको स्रोत साधनको अवस्था, आर्थिक वर्ष २०८३।८४ को लागि स्वीकृत नीति तथा कार्यक्रम सहित फलेवास नगरपालिकाको ५ वर्षे आवधिक विकास योजना र स्थानीय शासन कार्यसम्पादन मुल्याङकन प्रणाली २०८२ समेतलाईलाई मुख्य आधार मानी आगामी आर्थिक वर्ष ०८३।८४ को यो बजेट तथा कार्यक्रम तयार गरेको छु । यसमा भौतिक विकासलाई मात्रै विकासको रुपमा हेर्ने र बुझ्ने गरिएको आम मनोविज्ञान र नागरिक अपेक्षालाई ध्यानदिदैं नगरको सामाजिक, आर्थिक, वातावरणीय पक्ष, संस्थागत क्षमता विकास, शुसाशन र सेवाप्रवाह लगायत सवै क्षेत्रमा सकेसम्म समन्यायीक रुपमा बजेट विनियोजन गर्ने उच्चतम प्रयास गरिएको छ ।

नगर सभा सदस्यहरु,

१२ हाम्रो फलेवास नगरपालिकाको समग्र विकासमा केहि चुनौतिपूर्ण अवस्थाहरु रहेका छन् ।

- न्यून शहरी एवम् भौतिक विकास भएको ग्रामीण एवं पहाडी क्षेत्रको नगरपालिका,
- न्यून आन्तरिक आय र परनिर्भर नगरको अर्थतन्त्र र घट्दो अनुदान,
- नागरिक माग तथा चाहना र त्यस्ता माग सम्बोधन गर्ने आर्थिक स्रोत वीचको दुरी,
- नगरभित्र निर्माण भएका करिव ४०० किलोमिटर भन्दा बढि दुरीका सडकहरुको संरक्षण र स्तरोन्नती कार्य,
- बाँदर, दुम्सी, खरायो जस्ता जंगली जनावरहरुबाट पुर्‍याएको क्षतिबाट उत्पादनशील जनशक्तिको पलायन एवम् निरन्तरको बसाइसराई,
- सिमित स्रोत साधनबाट स्थानीय सरकारद्धारा शासन प्रकृयामा नागरिक सन्तुष्टि कायम गर्नु,

१३ माथि उल्लेख गरिएका चुनौतिपूर्ण अवस्थाको सामना गर्न उल्लिखित सवल पक्षले नगरको विकास र समृद्धिको लागि सहयोग पुग्ने अपेक्षा गरेको छु ।

- सवै वडामा रहेको उत्पादनशील क्षेत्र तथा फलफुल र नगदेबालीको अत्यन्तै सम्भावना हुनु,
- कृषि र पशुपालनको क्षेत्रमा स्थानीय आयआर्जन र रोजगारीको प्रचुर सम्भावना रहेको,
- नगरको हरेक बस्तीमा यातायातको पहुँच पुग्नु,
- अन्तरदेशीय पहुंच मार्गको रुपमा रहेको उत्तर दक्षिण मार्ग कालगण्डकी लोकमार्गबाट भविष्यमा बजारीकरण, पर्यटकीय विकास र पूर्वाधारको विकासमा पर्नसक्ने सकरात्मक प्रभाव,
- अन्तर सरकारी समन्वय, साझेदारी र सहकार्यका लागि गरिएका प्रयासहरू,
- वैदेशिक रोजगारवाट गाउँ फर्कनेहरुबाट प्राप्त नविनतम ज्ञान, सीप,
- कुश्मा पोखरा जस्ता पर्यटकीय क्षेत्रबाट छोटो भौतिक दुरीमा रहेको कारण पर्यटकीय विकासको सम्भावना रहेको,

१४ आर्थिक वर्ष २०८३।८४ को यस बजेटका उद्धेश्यहरू निम्नानुसार रहेका छन् ।

- स्थानीय तहमा सञ्चालन गरिने सवै कार्यक्रममा प्रभावकारीता कायम गर्ने,
- नगरलाई कृषि र पशु विकासको क्षेत्रमा प्राथमिकता दिदै दुध, मासु, फलफुल, तरकारी र खाद्यान्नमा आत्मनिर्भर वनाउदै जाने,
- उद्यमशीलता विकास, कृषि तथा पशुपालनलाई व्यवसायीकरण गर्दै आयआर्जन र रोजगारी सृजना गर्ने र सो मार्फत गरिवी न्यूनीकरणमा योगदान गर्ने,
- लक्षित क्षेत्रको विकास, आर्थिक, सामाजिक र भौतिक पूर्वाधार क्षेत्रको विकास मार्फत स्रोत साधनको समावेशी र समन्यायीक वितरण गर्ने,
- स्थानीय स्रोतसाधनको उच्चतम एवम् प्रभावकारी परिचालन मार्फत रोजगारी सृजना र जनअपेक्षाको सम्बोधन गर्ने,
- संस्थागत विकास मार्फत सेवा प्रवाहमा प्रभावकारीता एवम् सुशासन कायम गर्ने,

सभाध्यक्ष महोदय,

१५ माथि उल्लिखित उद्धेश्यहरूलाई व्यवहारिक रुपमा प्राप्त गर्न प्रस्तुत बजेटका निम्ननानुसारका प्राथमिकताहरू निर्धारण गरेको छु :

- स्थानीय श्रोत साधन एवम् सीपको परिचालन गरी रोजगारी सृजना गर्ने,
- कृषि तथा पशुपंक्षी क्षेत्रको आधुनिकीकरण, यान्त्रिकरण र व्यावसायिकीकरण गर्ने,
- आर्थिक तथा सामाजिक विकास एवम् उद्यमशिलता र आयआर्जनका माध्यमबाट गरिवी न्यूनीकरणमा योगदान गर्ने,
- लैङ्गिक समानता र सामाजिक समाबेशिकरण तथा लक्षित क्षेत्रलाई विकासको मुलप्रवाहमा ल्याउने,
- दिगो पूर्वाधार निर्माण र सवै बस्तीमा भरपर्दो सडक सञ्जाल विस्तार गर्दै नागरिकहरूको यातायात सुविधामा सहज पहुँच विस्तार गर्ने,
- ठूलो संख्यामा रहेका कच्ची सडकहरुको स्तरोन्नतीकार्यलाई प्रभावकारी बनाई वाह्रैमहिना यातायात सूचारु गर्ने वातावरण बनाउने,
- कृषि, पशपंक्षी, शिक्षा, स्वास्थ्य र पूर्वाधारको क्षेत्रमा आवश्यक कार्यक्रम सञ्चालन गर्ने,
- नगरका कामकाजहरुलाई पूर्णरुपमा प्रविधिमैत्री बनाउदै संस्थागत विकास र सेवाप्रवाहमा प्रभावकारीता बृद्धि गर्ने,

सभाध्यक्ष महोदय,

१६ अव म उल्लिखित चुनौति र सवल पक्ष तथा बजेटका उद्धेश्य र प्राथमिकतालाई मध्यनजर गर्दै फलेवास नगरपालिकाको आर्थिक वर्ष २०८३।८४ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्दछु ।

कुल बजेट रु ६९ करोड ३ लाख १२ हजार रहेको छ ।

कुल बजेट मध्ये चालु बजेट रु ५४ करोड ८९ लाख २ हजार अर्थात ७९.५२ प्रतिशत र पूंजीगत बजेट रु १४ करोड १४ लाख १० हजार अर्थात २०.४८ प्रतिशत रहेको छ । अव म प्रस्तावित कुल बजेटलाई विषयगत रुपमा प्रस्तुत गर्दछु ।

## आर्थिक विकास :

१७ आर्थिक बिकासको मुख्य शिर्षकमा कृषि, पशपंक्षी, पर्यटन, उद्योग, सहकारी, रोजगारी लगायत रहेका छन् । यस मुख्य शीर्षकमा शशर्त तर्फ १ करोड ३३ लाख र आन्तरिक तर्फ रु २ करोड २० लाख गरी कुल ३ करोड ५३ लाख बजेट रहेको छ । यो कुल बजेटको करिव ५.१ प्रतिशत र शशर्त वाहेकको वजेटको करिव ८ प्रतिशत रहेको छ । क्षेत्रगत रुपमा कृषि तर्फ रु १ करोड ४५

लाख, पशुपंक्षी विकास तर्फ रु ५७ लाख पर्यटन तर्फ रु ५४ लाख, उद्योग तर्फ रु १६ लाख, रोजगारी सृजना तर्फ १६ लाख र सहकारी तर्फ रु ५ लाख रहेको छ ।

कृषि तर्फ

१८ प्रस्तुत वजेटमा कृषि तर्फ शशर्त तर्फ रु १ करोड ४ लाख र आन्तरिक तर्फ ४१ लाख गरी कुल १ करोड ४५ लाख रहेको छ । कृषी क्षेत्रमा प्रविधिको प्रयोग गरी उत्पादकत्व बृद्धि एवं लागत कम गरी कृषकहरुको आयमा बृद्धि गर्ने उद्देश्यले कृषि यान्त्रिकिकरण कार्यक्रममा विशेष जोड दिइएको छ । प्रदेश सरकार संगको साझेदारीमा कृषि यान्त्रीकरणको लागि रु ४० लाख व्यवस्था गरेको छु भने कृषी उत्पादकत्व बृद्धि गर्ने उद्देश्यले साना सिंचाई कार्यक्रमको लागि ६५ लाख ३५ हजार बजेट विनियोजन गरेको छु । साथै कृषि उत्पादनको बजारीकरणमा सहयोग पुराउन हाट बजार कार्यक्रम निरन्तरता दिदै हाटबजार स्तरोन्नतीको लागि संघीय सरकारसंगको समन्वयमा २० लाख बजेट व्यवस्था गरेको छु । जसले किसानले उत्पादन गरेको कृषि उपज विक्री गरी आम्दानी बढाउन र बजारीकरणमा महत्वपूर्ण सहयोग पुग्ने विश्वास लिएको छु ।

१९ नगरपालिका क्षेत्रमा गत आ.व.मा शुरु भएको मकै बीउ उत्पादन पकेट क्षेत्रको निरन्तरता दिदै यस वर्ष वीउ उत्पादन कार्यको लागि आवश्यक वजेट व्यवस्था मिलाएको छु ।

२० आगाामी आ.व. ०८३।८४ मा व्यवसायीक मौरी प्रवर्द्धन कार्यक्रम विस्तारको लागि व्यवसायीक मौरी पकेट विकास कार्यक्रम थप गरिएको छ जसको लागि रु १२ लाख र मसीना तथा बासनादार जातको धानको वीउ उत्पादनको लागि रु १० लाख बजेट व्यवस्थापन गरेको छु । किसान सूचिकरण एवम् तथ्यांक अद्यावधिक कार्यक्रम, फलफुल विरुवा वितरण, हाटबजार सञ्चालन, आकस्मिक वाली संरक्षण कार्यक्रम, रैथाने बाली प्रवर्द्धन कार्यक्रम, लगायतका विभिन्न कार्यक्रमहरु र एकगाउँ एक प्राविधिक कार्यक्रमको निरन्तरताका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

पशुपंक्षी विकास तर्फ

२१ प्रस्तुत वजेटमा पशुपंक्षी विकास तर्फ शशर्त २ लाख र आन्तरिक तर्फ ५५ लाख विनियोजन गरेको छु ।

२२ पशुजन्य उत्पादनमा आत्म निर्भर बनाउने उद्देश्यले प्रतिफलमा आधारित अनुदान कार्यक्रममा २२ लाख, नगरलाई मासुमा आत्मनिर्भर गराउने उद्देश्यले आयआर्जनको लागि नश्ल सुधारको

लागि उन्नत वोका वितरण कार्यक्रम र कुखुराको चल्ला वितरण, पशु स्वास्थ्यको लागि निशुल्क औषधी वितरण लगायतका कार्यक्रमहरुको लागि आवश्यक वजेट विनियोजन गरेको छु ।

## पर्यटन प्रवर्द्धन तर्फ

२३ प्रस्तुत वजेटमा पर्यटन प्रवर्द्धन तर्फ आन्तरिक वजेटबाट कुल ५४ लाख विनियोजन गरेको छु ।

२४ मनमोहन शान्ति वाटिकाको पूर्वाधार निर्माणमा साझेदारी गर्न रु ४४ लाख वजेट विनियोजन गरेको छु । धार्मिक पर्यटकीय क्षेत्रको पूर्वाधार विकास, ऐतिहांसिक कोत तथा मन्दिर संरक्षण, डहरे देउराली संरक्षण लगायतका विभिन्न क्षेत्रमा पर्यटन पूर्वाधार निर्माणका लागि आवश्यक वजेट विनियोजन गरेको छु ।

## सहकारी तर्फ

२५ प्रस्तुत वजेटमा सहकारी विकास तर्फ आन्तरिक वजेटबाट ५ लाख विनियोजन गरेको छु ।

२६ सहकारी क्षमता विकास, नियमन तथा अनुगमन, सहकारी सम्बन्धी तालिम लगायतका क्रियाकलापको लागि आवश्कय वजेट विनियोजन गरेको छु ।

## उद्योग विकास तर्फ

२७ प्रस्तुत वजेटमा उद्यम विकासको क्षेत्रमा शशर्त तर्फ ११ लाख र आन्तरिक वजेटबाट ५ लाख विनियोजन गरेको छु ।

२८ सीप विकास र स्थानीय रुपमा उपलब्ध कच्चा पदार्थको सदुपयोग गरी स्थानीय रोजगार सृजना गर्ने उद्देश्यले उद्यम विकास कार्यक्रम सञ्चालनमा साझेदारी गर्दै बजार अनुगमन, पुराना उधमीहरुसंग अन्तर्क्रिया, सफल उद्यमीको कार्यशाला, पुराना उद्यमीलाई उपयुक्त प्रविधि हस्तान्तरण, बजारीकरण प्याकेजिंग स्टीकर सपोर्ट कार्यक्रम, सावुन कुसन निर्माण लगायतका उद्यमीको लागि पुर्नताजगी कार्यक्रम लगायतका कार्यहरु सञ्चालन गर्न आवश्यक वजेट विनियोजन गरेको छु ।

## गरीवि न्यूनीकरण तर्फ

२९ नगरपालिका भित्र रहेका अंसगठित क्षेत्र एवम् विपन्न वर्गका श्रमिकको भविष्यको सामाजिक सुरक्षा र सहज जिवनयापनका लागि नागरिक लगानी कोषको सहकार्यमा भैरहेको श्रमिक पेन्सन योजनाको निरन्तरताको लागि ६० लाख बजेट विनियोजन गरेको छु । जसबाट सहारा विहीन विपन्न परिवारको जिविकोपार्जनमा प्रत्यक्ष सहयोग पुग्ने विश्वास लिएको छु

सामाजिक विकास :

३० सामाजिक बिकासको मुख्य शीर्षकमा शिक्षा, स्वास्थ्य, महिला बालवालिका तथा जेष्ठ नागरिक र सामाजिक समावेशीकरण, संस्कृती प्रवर्द्धन, युवा तथा खेलकुद, गरिवी न्यूनीकरण, अपांगता भएका व्यक्तिहरुको सशक्तिकरण र न्यायीक समिति तर्फका कार्यक्रमहरू समेटिएका छन् । यस शीर्षकमा शशर्त तर्फ रु. ३७ करोड ३३ लाख र आन्तरिक तर्फ रु ३ करोड ४१ लाख गरी कुल ४० करोड ७४ लाख बजेट रहेको छ । यो कुल बजेटको ५९ प्रतिशत हो । क्षेत्रगत रुपमा शिक्षा तर्फ ३२ करोड २४ लाख, स्वास्थ्य तर्फ ७ करोड २३ लाख, महिला बालवालबालिका र सामाजिक समावेशीकरण तर्फ रु ६२ लाख, पञ्जीकरण र सामाजिक सुरक्षा तर्फ रु २२ लाख, युवा तथा खेलकुद तर्फ रु ५ लाख, संस्कृति संरक्षण तर्फ रु २१ लाख, गरिवसंग विश्वेश्वर कार्यक्रम तर्फ रु ४ लाख र न्यायीक समिति तर्फ रु १३ लाख बजेट रहेको छ ।

शिक्षा तर्फ

३१ यस शिर्षकमा आन्तरिक तर्फ रु १ करोड ५५ लाख र शशर्त तर्फ चालु ३० करोड ४४ लाख र पुंजीगत रु ३० लाख गरी कुल ३२ करोड २९ लाख बजेट रहेको छ ।

३२ विद्यार्थीहरूको भर्ना, टिकाउ र विद्यार्थीको स्वास्थ्यमा सुधार गर्न आधारभूत तह कक्षा १ देखि ५ सम्म संघीय सरकारद्धारा र कक्षा ६ देखि ८ कक्षा सम्मका विद्यार्थीहरूको लागि आन्तरिक स्रोतबाट दिवा खाजा कार्यक्रमको लागि बजेट विनियोजन गरिएको छु । सामुदायिक विद्यालयका छात्राहरूको लागि सेनिटरी प्याड व्यवस्थापन, निशुल्क पाठ्यपुस्तक, विपन्न लक्षित छात्रबृत्ती, शिक्षण सिकाइ व्यवस्थापन, अनौपचारीक शिक्षा सञ्चालन, विभिन्न शैक्षिक कार्यक्रम सञ्चालन, आधारभूत सीकाई प्रवर्द्धन, अंग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान लगायत स्वीकृत गुरुयोजनाका आधारमा साझेदारीमा विद्यालय पूर्वाधार कार्यक्रमका लागि आवश्कय वजेट व्यवस्था गरिएको छ भने त्यस्ता कार्यक्रम सञ्चालन गर्न शशर्त तर्फ कुल बजेट ३० करोड ७४ लाख रहेको छ ।

३३ विद्यालय क्षेत्र विकास कार्यक्रम, शैक्षिक पहुँच सुनिश्चितता, निशुल्क पाठ्यपुस्तक अनुदान, शैक्षिक गुणस्तर सुदृढिकरण, कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान, विद्यालय ल्याव स्थापना, सामुदायिक सीकाई केन्द्र सञ्चालन, विद्यालय सहायक कर्मचारी व्यवस्थापन, कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान, सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको लागि छात्रबृत्ति, प्रति विद्यार्थी लागतका आधारमा शिक्षण सिकाई अनुदान, विपन्न लक्षित छात्रबृत्ति, क्याम्पस सञ्चालन अनुदान, कानून संकाय सञ्चालन अनुदान लिमिठाना, कम्प्युटर कक्षा व्यवस्थापन थापाठाना मावि, बाल विकास केन्द्रको लागि मागमा आधारित कार्यक्रम सहयोग, स्मार्ट स्कुल एप्लीकेशन, शिक्षक तालिम, प्रधानाध्यापक प्रोत्साहन, युवा तथा खेलकुद, तेक्वान्दो डोजांग म्याट व्यवस्थापन लगायत विभिन्न कार्यक्रम सञ्चालन गर्न थप आन्तरिक तर्फ रु १ करोड ५५ लाख वजेट विनियोजन गरेको छु जसबाट नगरको शैक्षिक गुणस्तर प्रतिभा उत्पादनमा सहयोग पुग्ने विश्वास लिएको छु ।

३४ उच्च शिक्षाको लागि साझेदारी गर्नपर्वत वहुमुखि क्याम्पस सञ्चालन तथा व्यवस्थापनका लागि १२ लाख रुपैया विनियोजन गरेको छु । त्यसैगरी नगरका अन्य क्याम्पसहरु अन्नपूर्ण बहुमुखि क्याम्पस र त्रिभुवन क्याम्पसको लागि उच्च शिक्षामा साझेदारी कार्यमक्रम अन्तर्गत सञ्चालन खर्चको लागि १० लाख वजेट विनियोजन गरेको छु ।

३५ शैक्षिक गुणस्तर अभिवृद्धी, माध्यमिक विद्यालयका विद्यार्थी प्रतिभा पहिचान, सुत्केरी विदामा वसेका महिला शिक्षकको सट्टा शिक्षक, माध्यमिक तह तथा उच्च शिक्षामा गरिव तथा जेहेन्दार विद्यार्थीका लागि छात्रवृत्ति प्रदान गर्नको लागि यस वर्ष विनियोजित वजेटलाई निरन्तरता दिएको छु ।

३६ माटेदेवल मा.वि. लाई प्रदान गरिदै आएको प्राविधिक शिक्षाको छात्रवृत्ती र भवानी विद्यापीठमा विज्ञान विषयमा अध्ययन गर्ने विद्यार्थीलाई दिइदै आएको छात्रवृतिलाई निरन्तरता दिएको छु । त्यसै गरी मोती सामुदायिक पुस्तकालय सञ्चालन तथा व्यवस्थापन एवं ट्याक युथ कार्यक्रम साझेदारीको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

३७ असहाय विपन्न विधार्थीको लागि भर्ना अभियान, टिकाउ तथा सिकाई स्टेशनरी सहयोग अभियान सञ्चालन गर्न साझेदारीको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

३८ बाल विकास केन्द्र, विद्यालय सहायक कर्मचारी तथा लेखा कर्मचारीहरुको उत्प्रेरणा बढाउन थप पारिश्रमिक उपलब्ध गराउन आवश्यक बजेट विनियोजन गरेको छु ।

स्वास्थ्य तर्फ

३९ यस शिर्षकमा आन्तरिक तर्फ रु ८० लाख र शशर्त तर्फ रु ६ करोड ४४ लाख बजेट रहेको छ ।

४० शशर्तमा स्वास्थ्य तर्फ चालु आ ब ०८२।८३ मा सञ्चालन भएका कार्यक्रमहरुको निरन्तरता गरिएको छ । त्यस्ता कार्यक्रममा पोषण कार्यक्रम सञ्चालन, म स्वस्थ, मेरो समुदाय स्वस्थ, घरटोलमा स्वास्थ्य प्रवर्द्धन कार्यक्रम, परिवार नियोजन सेवा, कर्मचारी क्षमता विकास, स्वास्थ्य चौकीहरुको न्यूनतम सेवा मापदण्ड कार्यक्रम, क्षयरोग मुक्त अभियान, खोप सुदृढिकरण, खोप सुनिश्चितता, आमा सुरक्षा, गर्भबति उत्प्रेरणा, रक्त सञ्चार, न्यानो झोला वितरण, सुरक्षित निशुल्क गर्भपतन सेवा र नवजात शिशुको निशुल्क उपचार कार्यक्रम, कडा रोगीहरुको लागि मासिक रु ५ हजारको दरले प्रदान गरिने औषधी उपचार खर्च लगायतका कार्यक्रमको लागि आवश्यक वजेट व्यवस्थापन गरेको छु ।

४१ नगरपालिकाका आमा बा स्वास्थ्य कार्यक्रम अन्तर्गत ज्येष्ठ नागरिकको घरघरमा स्वास्थ्य कर्मि, विपन्न असहाय र दीर्घ विरामी र विपन्न सुत्केरी महिलाको पोषण कार्यक्रम, महिला स्वास्थ्य स्वयंसेविका प्रोत्साहन, स्वास्थ्य संस्था सञ्चालन तथा व्यवसथापन, विपन्न औषधी उपचार तथा आर्थिक सहायता लगायतका कार्यक्रम तथा लिमिठाना स्वास्थ्य चौकी भवन निर्माण कार्य सम्पन्न गर्न १२ लाख, मुडिकुवा स्वास्थ्य चौकी पूर्वाधार विकास रु ५ लाख र शंकरपोखरी स्वास्थ्य चौकी ट्रस निर्माण रु ६ लाख बजेट विनियोजन गरेको छु ।

४२ संघीय सरकारसंगको साझेदारीमा महिला सामुदायिक स्वास्थ्य स्वंयसेविकाको प्रोत्साहन र क्षमता विकासको आन्तरिक वजेटबाट रु ६ लाख थप गरी कुल रु ३३ लाख बजेट व्यवस्थापन गरेको छु ।

महिला बालबालिका र सामाजिक समावेशीकरण तर्फ

४३ यस शिर्षकमा आन्तरिक तर्फ रु ५५ लाख र शशर्त तर्फ रु ७ लाख बजेट रहेको छ ।

४४ महिलाहरूको नेतृत्व विकास तथा क्षमता विकास र महिला आयआर्जन, लैगिंक समानता तथा सामाजिक समावेशीकरण लगायतका कार्यक्रम सञ्चालन गर्न ५५ लाख वजेट विनियोजन गरेको छु ।

४५ वालवालिकाको संरक्षण, वालवालिकाको हक अधिकारको सुनिश्चितता, र बाल संरक्षणको लागि बालमैत्री स्थानीय शासनलाई जोड दिदै विभिन्न कार्यक्रम सञ्चालन गर्न आवश्यक वजेट व्यवस्था गरेको छु ।

४६ दलित वर्ग, विपन्न र सिमान्तकृत वर्गको आयआर्जन, महिला, विपन्न, शहिद परिवार, वेपत्ता परिवार, द्वन्द्ध पिडितहरुको आयआर्जन, शसक्तीकरण तथा क्षमता विकास, महिला होजियारी भवन मर्मत, एकल महिला संरक्षण कोष स्थापना, महिलाको लागि उद्घोषण तालिम, आमा समुहको आय आर्जन र सशक्तिकरण, महिला उद्यमीहरुको लागि सिलाई कटाई मेशीन औजार प्रदान गर्ने, समस्यामा परेका संरक्षण विहिन वेसहारा महिलालाई सहयोग हस्तान्तरण, सुत्केरी सट्टा शिक्षक, लगायतका कार्यक्रम सञ्चालन गर्न आवश्यक वजेट विनियोजन गरेको छु ।

<u>संस्कृति संरक्षण तर्फ</u>

४७ यस शिर्षकमा आन्तरिक तर्फ रु २१ लाख बजेट रहेको छ ।

४८ नगर क्षेत्रमा रहेका कोतको संरक्षण, ऐतिहांसिक मन्दिरको सम्वर्द्धन र लाखेनाच लगायतका संस्कृति संरक्षण, फलेवास नगर भजन समूह सहयोग लगायतका संरक्षण, लोक संस्कृतीहरूको सम्वर्द्धन र संरक्षण लागि आवश्यक बजेटको विनियोजन गरिएको छ ।

<u>पञ्जीकरण र सामाजिक सुरक्षा तर्फ</u>

४९ यस शिर्षकमा आन्तरिक तर्फ रु १७ लाख बजेट रहेको छ ।

५० सङ्घीय सरकारको सामाजिक सुरक्षाको दायरामा नपरेका ५० वर्ष देखि ७० वर्ष सम्मका विदुर पुरुषहरूलाई सहज जीवनयापनका लागि सामाजिक संरक्षण प्रोत्साहन रकमको लागि ११ लाख ५० हजार वजेट विनीयोजन गरेको छु । पञ्जीकरण शाखाको क्षमता विकास तथा एम आइ एस अपरेटरको पारिश्रमिक सहित सामाजिक सुरक्षालाई थप व्यवस्थित गर्न वायोमेट्रीक सफ्टवेय प्रणाली सञ्चालनका लागि आइरिडर मेशीन खरिद लगायतका कार्यक्रम सञ्चालन गर्न आवश्यक वजेट विनियोजन गरेको छु ।

<u>न्यायीक समिति तर्फ</u>

५१ यस शिर्षकमा आन्तरिक तर्फ रु १३ लाख बजेट रहेको छ ।

५२ न्यायीक समिति अन्तर्गत सूचीकृत मेलमिलाप कर्ता पुर्नताजगि तालिम सञ्चालन, वडा स्तरीय न्यायीक सचेतना कार्यक्रम, न्यायीक समितिमा सफ्टवेयर जडान, जिल्लाका सातै पालिकाका न्यायीक समिति र न्यायीक सहजकर्ता सम्मीलित असल अभ्यास अन्तर्क्रिया कार्यक्रम

लगायतका कार्यक्रम सञ्चालन गर्न आवश्यक वजेट विनियोजन गरेको छु । न्यायीक समिति तर्फ कुल १३ लाख बजेट विनियोजन गरेको छु ।

श्रम रोजगार तर्फ

५३ यस शिर्षकमा आन्तरिक तर्फ रु ७ लाख ४७ हजार र शशर्त तर्फ १६ लाख बजेट रहेको छ ।

५४ रोजगार सेवा केन्द्र सञ्चालन, मनोसामाजिक परामर्श कर्ता पारिश्रमिक, सामी कार्यक्रम सञ्चालन, रोजगार सम्वाद मञ्चको सञ्चालन, बैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुलाई रोजगारी सम्बन्धि अभिमुखीकरण गर्न आवश्यक वजेट व्यवस्था गरेको छु । त्यसै गरी आन्तरिक रोजगारी सिर्जनाका लागि ८ लाख ९४ हजार वजेट विनियोजन गरेको छु ।

पूर्वाधार विकास :

५५ पूर्वाधार अन्तर्गत सडक, सिंचाई, पदमार्ग, खानेपानी, भवन लगायतका पूर्वाधारका क्षेत्रहरू समेटिएका छन् । यस शिर्षकमा नगरपालिकाको आन्तरिक तर्फ पूंजीगत वजेट रु १० करोड ७५ लाख र शशर्त तर्फ ३ करोड ३९ लाख गरी कुल १४ करोड १४ लाख १० हजार देहायका मुख्य कार्यक्रमहरुको लागि विनियोजन गरिएको छ ।

५६ फलेवास नगरपालिकाको प्रमुख प्रशासकीय भवन निर्माण कार्य सम्पन्न भई नियमित सेवा प्रवाह शुरु गरिएको छ भने यसको थप वाह्य पूर्वाधार निर्माण गर्न १० लाख र साविकमा कार्यालय सञ्चालन भएको भवनलाई आवास र भण्डारण भवनको रुपमा उपयोग गर्न रु १० लाख बजेट विनियोजन गरेको छु ।

५७ नगरको मुख्य वस्तीहरूलाई नगरको केन्द्र तथा सडक सञ्जालमा जोड्न वाँकी रहेका नयाँ ट्याक खन्नु पर्ने र आकस्मिक रुपमा मर्मत गर्नुपर्ने सडक नगरपालिकाको एस्काभेटर र व्याक हु लोडरवाट सम्पादन गर्ने गरी इन्धन लगायत व्यवस्थापनको लागि रु. ५३ लाख बजेट विनियोजन गरेको छु ।

५८ नगरपालिकाको वडा नं १ कार्किनेटा, २ थापाठाना, ३ शंकरपोखरीलाई नगरको केन्द्रमा जानुपर्ने सेवाग्राहीलाई प्रत्यक्ष लाभ पुग्ने गरी संघीय सरकारसंगको समपुरक साझेदारीमा चालु आ.व.मा शुरु भई आगामी आ.व.मा ठेक्का सकिने गरी झकलक चितिपानी चुचनदेउराली सडक कालोपत्रेको लागि कुल ४ करोड २० लाख मध्ये काम सम्पन्न गर्न बांकी रकम रु १ करोड ७८ लाख ४० हजार विनियोजन गरेको छु । त्यसैगरी कालोखोला

वडाकार्यालय भंगरा सडक स्तरोन्नतीको लागि संघीय समपुरक बजेट अन्तर्गत रु ३३ लाख ४० हजार बजेट विनियोजन गरेको छु ।

५९ वडा नं ११ पांगरांगको श्रीकांग शिवचोक पांगरांग वडा कार्यालय सडकको स्तरबृद्धि गर्न प्रदेश सरकारसंगको समन्वयमा समपुरक बजेट अन्तर्गत कुल १ करोड वजेट विनियोन गरेको छु ।

६० नगर भित्रका मुख्य मोटरवाटोलाई वर्षायाम पश्चात आकस्मिक मर्मत गरी तत्काल सवारी आवागमन नियमित गर्न वडा कार्यालयले व्यवस्थापन गर्ने गरी वडा नं २, ३, ९ र ११ नम्बर वडाको लागि रु १ लाख ५० हजारका दरले ६ लाख र बांकी वडा नं १, ४, ५, ६, ७, ८ र १० नम्बर वडाहरुलाई १ लाखका दरले ७ हजार गरी कुल १३ लाख आकस्मिक सडक मर्मतको बजेट विनियोजन गरेको छु । यसले चाडवाड अगाडि नै सडक मर्मत गरी यातायात सूचारु हुने विश्वास गरेको छु ।

६१ त्यसै गरी वडा स्तरीय पूंजीगत कार्यक्रम कार्यान्वियन गर्न ११ वटै वडालाई १० लाखका दरले १ करोड १० लाख र चालु प्रकृतिका कार्यक्रम कार्यान्वियन गर्न प्रत्येक वडालाई थप २ लाखका दरले २२ लाख गरी कुल १ करोड ३३ लाख वजेट विनियोजन गरेको छु । यसले वडामा जनस्तरबाट माग हुने स साना योजना तथा कार्यक्रम कार्यान्वियनमा सहयोग पुग्ने विश्वास लिएको छु ।

६२ हालसम्म कार्यालय भवन निर्माण हुन बांकी वडा नं ५ खानीगाउँ र वडा नं ७ लिमिठानाका वडा कार्यालय भवन निर्माण गर्न गण्डकी प्रदेश सरकारसंगको साझेदारीमा आगामी आ.व.मा निर्माण कार्य सम्पन्न गर्ने गरी क्रमशः खानीगाउँ वडा कार्यालय भवन निर्माण गर्न रु ५२ लाख र लिमिठाना वडा कार्यालय भवन निर्माणको लागि रु ४७ लाख व्यवस्था गरेको छु ।

६३ समन्वय, सहकार्य र साझेदारीमा नगरको विकास गर्ने नीति अनुरुप सडक वोर्ड लगायतका कार्यक्रममा योजनामा साझेदारी गर्न १५ लाख वजेट विनियोजन गरेको छु ।

६४ लमाएखोला लिफ्ट सिंचाई योजनाको ठेक्का तर्फको कार्य सम्पन्न गर्न २८ लाख र वांकी पूर्वाधारका कार्य सम्पन्न गरी लिफ्टबाट सिंचाई सुविधा नियमित गर्न थप रु १० लाख गरी कुल ३८ लाख वजेट विनियोजन गरेको छु ।

६५ विभिन्न वडाका दलित बस्तीमा एकघर एकधारा खानेपानी योजना सञ्चालन गर्न रु ६२ लाख वजेट व्यवस्था गरेको छु । जसबाट आवश्यकताका आधारमा योजना सञचालन गरिने र यसबाट विभिन्न दलितबस्तीमा रहेको खानेपानी असुविधा हट्ने विश्वास समेत लिएको छु ।

६६ वर्षादमा भएको वाढी पहिरो जस्ता विभिन्न मनसुनजन्य प्रकोपवाट क्षति पुगेका निजी आवास पुनर्निर्माण, पुनस्थापना र प्रवलीकरणको लागि संघ प्रदेशसंगको साझेदारीमा अगाडी वढाउन ७ लाख बजेट विनियोजन गरेको छु।

६७ पूर्वाधार तथा पूंजीगत तर्फको बजेटबाट सडक रु ४ करोड २० लाख ५३ हजार, सिंचाई पूर्वाधार रु १ करोड ३ लाख ६५ हजार, खानेपानी ८२ लाख, भवन निर्माण पदमार्ग निर्माण शैक्षिक तथा कृषि र अन्य पूर्वाधार गरी कुल ८ करोड ७ लाख ९२ हजार रहेको छ।

## वातावरण तथा विपद व्यवस्थापन :

६८ यस मुख्य शिर्षकमा प्रकोप व्यवस्थापन, बाताबरण संरक्षण, क्लिन ग्रीन फलेबास र सरसफाइ एवं फोहोरमैला व्यवस्थापन, वन तथा भू-संरक्षण, मौसमजन्य विपदबाट क्षतिग्रस्त आवास पुर्ननिर्माण साझेदारु लगायत विपद व्यवस्थापनका क्षेत्रहरू समेटिएका छन्। यस शीर्षकमा कुल रु. ९१ लाख बजेट बिनियोजन गरिएको छ। यो बजेट शशर्त वाहेक आन्तरिक बजेटको ३.४ प्रतिशत रहेको छ।

६९ विपद तथा सोको कारण पुग्ने क्षति न्यूनीकरण र पुर्ननिर्माण एवं वातावरण संरक्षण गर्न विपद व्यवस्थापन कोषलाई निरन्तरता दिएको।

७० नकुहिने फोहर बर्गीकरण, विसर्जन, सरसफाई अभियान सञ्चालन गर्न क्लिन फलेवास ग्रिन फलेवास कार्यक्रम सञ्चालन गर्न २० लाख बजेट विनियोजन गरेको छु।

७१ वातावरण संरक्षण तथा जलाधार संरक्षण, जलबायु अनुकुलन योजना निर्माण, विपद पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण, क्लीन फलेवास ग्रीन फलेवास कार्यक्रम तथा अभियन्ता तलव, एम्बुलेन्स सञ्चालन र व्यवस्थापन, जलाधार संरक्षणका लागि खानेपानी योजना संरक्षण, विभिन्न जोखिममा रहेका बस्तीहरु संरक्षण, भुक्षय नियन्त्रण तथा पहिरो नियन्त्रण, चौतारी संरक्षण लगायत वातावरण संरक्षण र भुक्षय नियन्त्रण सम्बन्धी कार्यक्रम सञ्चालन गर्न आन्तरिक तर्फ कुल रु ९१ लाख बजेट विनियोजन गरेको छु।

## संस्थागत विकास, सेवा प्रवाह तथा सुशासन :

७२ यस क्षेत्रमा संस्थागत सहयोग तथा क्षमता विकास, सुशासन तथा सेवा प्रवाह, कार्यालय व्यवस्थापन, वार्षिक योजना तर्जुमा तथा नगर सभा सञ्चालन, सञ्चार एवं पत्रपत्रीका, सुरक्षा

व्यवस्थापन, राजस्व लगायतका विभिन्न क्षेत्रहरु समावेश गरिएका छन । यस क्षेत्रमा कुल ६६ लाख बजेट रहेको छ ।

७३ पञ्जिकरण व्यवस्थापन, व्यक्तिगत घटना दर्ता, सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणालीलाई व्यवस्थित गर्न, व्यक्तिगत घटना दर्ता, सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणाली संचालनका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

७४ सुचना तथा प्रविधि शाखा व्यवस्थापन तथा इन्टरनेटको सञ्जालीकरण तथा क्षमता विकास तालिम, सेवा प्रवाह सवलीकरणको व्यवस्था गरेको छु ।

७५ कार्यालयमा कार्यरत कर्मचारीहरूको न्यायोचित वृत्ति विकासका लागि कर्मचारी अवकास कोष स्थापना तथा कर्मचारीहरुको बृत्ति विकास र प्रोत्साहनको लागि आवश्यक वजेट व्यवस्था गरेको छु ।

७६ उपभोक्ता समितिको अभिमुखीकरण तथा बेरुजु न्यूनीकरणका लागि सचेतना कार्यक्रम, सामाजिक परिक्षण र सार्वजनिक सुनुवाई, वडा कार्यालय र स्वास्थ्य चौकीको कार्यसम्पादन अनुगमन कार्यक्रम, त्रैमासिक, अर्धवार्षिक र वार्षिक प्रगति समीक्षा लगायत सुशासन प्रवर्द्धनका लागि सार्वजनिक सुनुवाई लगायत विभिन्न कार्यक्रम सञ्चालन गर्न आवश्यक वजेट विनियोजन गरेको छु ।

७७ राजस्व अनलाईन  प्रणाली तथा सुत्र प्रणालीबाट करदाता विवरण प्रविष्टी, राजस्व सुधार कार्ययोजना निर्माण, बजार अनुगमन लगायतका क्रियाकलाप सञ्चालन गर्न आवश्यक वजेट विनियोजन गरेको छु । साथै नगरभित्र रहेका सवै घरहरुमा घर नम्बर कायम तथा अभिलेखिकरण कार्यक्रम शुरु गर्न आवश्यक वजेट विनियोजन गरेको छु ।

७८ समग्र संस्थागत क्षमता विकास, सेवा प्रवाहमा प्रभावकारीता, सुशासन प्रवर्द्धन, कर्मचारी तथा जनप्रतिनिधिको क्षमता विकास तथा अध्ययन अवलोकन भ्रमण सहित विभिन्न कार्यक्रम कार्यान्वयन र राजस्व परिचालन प्रभावकारी गराउन रु ६६ लाख बजेट विनियोजन गरेको छु ।

कार्यालय संचालन खर्च :

७९ यस शिर्षक अन्तर्गत कार्यालय सञ्चालन र व्यवस्थापन, वडा कार्यालय सञ्चालन, स्वास्थ्य संस्था संचालन र व्यवस्थापन, जनप्रतिनिधिको सञ्चार लगायतको खर्च, कर्मचारीको तलव भत्ता, कर्मचारीको क्षमता विकास, कर्मचारी व्यवस्थापन, विभिन्न वैठकहरु, नगर यातायात सञ्चालन तथा व्यवस्थापन लगायतका विभिन्न किसिमका चालु खर्चहरु समावेश रहेका छन ।

यस शीर्षकमा कुल रु. १२ करोड २० लाख १२ हजार बजेट रहेको छ। यो बजेट कुल बजेटको १७.६ प्रतिशत र आन्तरिक तर्फको ४४.४ प्रतिशत रहेको छ।

<u>सञ्चालन पूंजीगत :</u>

८० यस क्षेत्रमा कार्यालय सञ्चालन अन्तर्गत फर्निचर मेशीनरी औजार र सवारीसाधन लगायतको पूंजीगत सञ्चालन खर्चको लागि रु ३५ लाख विनियोजन गरेको छु। यो आन्तरिक वजेटको करिव १.३ प्रतिशत रहेको छ।

सभाध्यक्ष महोदय,

नगर सभा सदस्यहरु,

८१ प्रस्तुत गरिएका कार्यक्रमहरू कार्यान्वयन गर्न निम्नानुसारको वित्तिय ब्यवस्था गरेको छु।

**वजेट आम्दानी**

| क्र.स. | आय शिर्षक | बजेट रु |
|---|---|---|
| १ | आन्तरिक राजस्व | १,५०,००,००० |
| २ | मालपोत तथा घरजग्गा रजिष्ट्रेसन पासबाट प्राप्त राजस्व | १५,००,००० |
| ३ | संघीय सरकारबाट प्राप्त वित्तीय समानीकरण अनुदान | ९,७०,००,००० |
| ४ | संघीय सरकारबाट प्राप्त वित्तीय राजस्व बाँडफाँड | ८,३३,५१,००० |
| ५ | प्रदेश सरकारबाट प्राप्त वित्तीय समानीकरण अनुदान | १,२४,४९,००० |
| ६ | प्रदेश सरकारबाट प्राप्त राजस्व बाँडफाँड | १,००,२७,६७८ |
| ७ | संघीय सरकारबाट प्राप्त शशर्त अनुदान चालु | ३८,१६,००,००० |
| ८ | संघीय सरकारबाट प्राप्त शशर्त अनुदान पूंजीगत | ५०,००,००० |
| ९ | संघीय सरकारबाट प्राप्त समपुरक अनुदान | १,२७,००,००० |
| १० | संघीय सरकारबाट प्राप्त विशेष अनुदान | ६२,००,००० |
| ११ | प्रदेश सरकारबाट प्राप्त समपुरक अनुदान | ६०,००,००० |

| | | |
|---|---|---|
| १२ | प्रदेश सरकारबाट प्राप्त विशेष अनुदान | ४०,००,००० |
| १३ | अ. ल्या. | ५,५४,८४,३२२ |
| | जम्मा | ६९,०३,१२,००० |

सभाध्यक्ष महोदय,

नगर सभा सदस्यहरु,

८२ प्रस्तुत कुल ६९ करोड ३ लाख १२ हजारको वजेटमा पूंजीगत वजेट १४ करोड १४ लाख १० हजार जसमा पूंजीगत तर्फ शशर्त रु ३ करोड ३९ लाख र आन्तरिक तर्फ १० करोड ७५ लाख १० हजार रहेको छ ।

त्यसैगरी कुल चालु बजेट ५४ करोड ८९ लाख २ हजार मध्ये शशर्त तर्फ रु ३८ करोड १६ लाख र आन्तरिक तर्फ १६ करोड ७३ लाख २ हजार रहेको छ ।

अन्त्यमा,

८३ प्रस्तुत बजेट तथा कार्यक्रममा आफूमा रहेको सिमित स्रोतबाट नगरका सवै पक्ष, क्षेत्र र समुदायलाई समेट्ने प्रयास गरिएको छ । यसको सफल कार्यान्वयनले नगरको समग्र विकासमा महत्वपूर्ण भूमिका निर्वाह हुने अपेक्षा लिएको छु । सकेसम्म वास्तविक आय र यथार्थ धरातलमा उभिएर बजेट तथा कार्यक्रम तर्जुमा गर्ने प्रयास गरिएको छ । यसको सफल कार्यान्वयनका लागि सवै सरोकारवालाहरूको साथ, सहयोग र समर्थन प्राप्त हुनेमा पूर्ण विश्वस्त छु । साथै यो वार्षिक बजेट तथा कार्यक्रम तयारीमा महत्वपूर्ण दिशानिर्देश गर्नुहुने नगरप्रमुखज्यू, विषयगत समितिका संयोजक एवं सदस्यहरू, सम्पूर्ण नगरसभा सदस्यहरू, प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण कर्मचारीहरू र सल्लाह सुझाव प्रदान गर्नुहुने जनप्रतिनिधिहरु एवं राजनीतिक दल र विषय विज्ञहरुलाई हार्दिक कृतज्ञता व्यक्त गर्दछु । धन्यवाद । जय फलेबास ।

शोभा कुमारी क्षेत्री

नगर उपप्रमुख

दिनाङ्क : आषाढ ०९, २०८३